# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

७४

पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४६

*तदिह न गुणदोषौ योजनीयावलीकौ*
*कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।*

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

( इतिहास-प्रधान त्रैमासिक पत्रिका )

१९
वर्ष

२
अङ्क

सम्पादक-

महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक-

देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २६/-

# विषय–सूची


१. वि. सं. १५१६ को काठमाडौंको एउटा लिखतपत्र —महेशराज पन्त १–३
२. यक्ष मल्लका अहिलेसम्म प्रकाशमा नआएका दुइवटा शिलालेख —महेशराज पन्त ३–८
३. वि. सं. १६१९ को ताडपत्रमा लेखिएको, पाटनको अहिलेसम्म प्रकाशमा नआएको एउटा राजीनामापत्र —महेशराज पन्त ८–९
४. महेन्द्र मल्लले कोटिलिङ्गेश्वरको स्थापना गर्दा खेलाइएको रामायणनृत्य —महेशराज पन्त ९–१३
५. वि. सं. १६२५ को, ताडपत्रमा लेखिएको, काठमाडौंको अहिलेसम्म प्रकाशमा नआएको एउटा राजीनामापत्र —महेशराज पन्त १३–१४
६. महेन्द्र मल्लका ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ६ वटा लिखतपत्र —महेशराज पन्त १४–२०
७. सदाशिव मल्लको पालाको वि. सं. १६३४ को मृगस्थलीको शिलालेख —महेशराज पन्त २१
८. सदाशिव मल्लका ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ५ वटा लिखतपत्र —महेशराज पन्त २२–२५
९. राय रत्न र रण मल्लको पालाको सबभन्दा पहिलो लिखत —महेशराज पन्त २५–२६
१०. शिवसिंह र रणजित्सिंहको पालाको वि. सं. १६३९ को गोकर्णको शिलालेख —महेशराज पन्त २७–२८
११. शिवसिंहका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा लिखतपत्र —महेशराज पन्त २८–३०
१२. शिवसिंहको पालाको वि. सं. १६४५ को हाँडिगाउँको शिलालेख —महेशराज पन्त ३०–३१
१३. रणजित्सिंहका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका दुइवटा लिखतपत्र —महेशराज पन्त ३१–३२
१४. लक्ष्मीपति पाँडेको जग्गाको साँधको विषयमा उठेको झगडाको निराकरण गर्न लेखिएका दुइ अप्रकाशित पत्र —दिनेशराज पन्त ३३–३४
१५. लक्ष्मीपति पाँडेलाई कर माफी गरी लेखिदिइएको अप्रकाशित पत्र —दिनेशराज पन्त ३४
१६. लक्ष्मीपति पाँडेको जग्गाको दस्तूर लिई गरिदिइएको अप्रकाशित पत्र —दिनेशराज पन्त ३५
१७. श्री ५ राजेन्द्रबाट लक्ष्मीपति पाँडेको नाममा भएको अप्रकाशित ताम्रपत्र —दिनेशराज पन्त ३५–३७
१८. लक्ष्मीपति पाँडेसम्बन्धी दुइ अप्रकाशित पत्र —दिनेशराज पन्त ३८
१९. भीमसेन थापाले शेरजङ्ग थापालाई लेखेको अप्रकाशित पत्र —दिनेशराज पन्त ३९
२०. लीलानाथ पाँडेको जग्गाका वन र कुलोसम्बन्धी अप्रकाशित ३ पत्र —दिनेशराज पन्त ४०–४१
२१. लीलानाथ पाँडेले जग्गा किनेको कुरा भएका ७ वटा अप्रकाशित पत्र —दिनेशराज पन्त ४१–४५
२२. श्री ५ राजेन्द्रबाट पद्मनिधि पाँडेले पाएको अप्रकाशित रुक्का —दिनेशराज पन्त ४६
२३. विश्वनाथ पाँडेले ऋण दिएको कुरा परेको अप्रकाशित पत्र —दिनेशराज पन्त ४६–४७
२४. वनरक्षासम्बन्धमा विश्वनाथ पाँडेको नाममा भएको अप्रकाशित पत्र —दिनेशराज पन्त ४७–४८
२५. विश्वनाथ पाँडेले ऋण लिएको कुरा परेका अप्रकाशित दुइ पत्र —दिनेशराज पन्त ४८–४९
२६. लक्ष्मीपति पाँडेले जेठी छोरी विद्यादेवीलाई जग्गा दिएको कुरा परेको अप्रकाशित पत्र —दिनेशराज पन्त ४९–५०

# वि. सं. १५१६ को काठमाडौँको एउटा लिखतपत्र

–महेशराज पन्त

ताडपत्रमा लेखिएको, ने. सं. ५७९ [ वि. सं. १५१६ ] ज्येष्ठशुक्लदशमीको एउटा लिखतपत्रको माइक्रोफिलम राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई २१२७।५५ हो। यस ताडपत्रको बायाँतिर माथि माटाको छाप छ। माटाको छापमा **श्री** लेखिएको छ।

मूलपाठ

**१. १ श्रेयोऽस्तु ।। सम्बत ५७९ जेष्टशुक्ल । दसम्याया: श्रीयन्बूमहानगरे । श्रीसातिगलके । श्रीक्वाथ-बहाराद्धिवासन: साक्य वज्राचाज्य भिक्षु श्रीजिपाल थरपाजुत्वं प्रमुखनं ् सर्व्वसंङसमुच्चयस: नामनेन स्वक्रियं स्वपूज्यमानिकं । तत्रेव स एव नगरे ् वंथलाछ्तोलके० ् तंङिनिछेगृहवास्तव्य० ् तोयुनाम्नेन सकास(ात् । )**

**२. थंथबाहार उफलगादक्षेत्रनाम प्रदेशे । विक्रमशिलमहाविहार् भुमे: पस्छिमत । उफलगाद: भुमे: उत्तरत । मार्गस्य: भुमे: पूर्व्वत । दक्षत । एतेषा मधे: मेकरोप्निक० ् क्षेत्र० ् जत क्षेत्राङ्कतोपि बू रोव १ तत्क्षेत्रस्य जथादेसकालप्रवत्मानेन ् सञ्चाराघेन: सूवर्णमुलमादाय क्रियविक्रस्वादि-नात्तेनवर्त्त (कन्या-)**

**३. येन क्रियन विक्रीयत भवति । तदा धारणकस्य निमितेन: जदि शङ्कत व्यावादपीडा स्यात् तदा धारणकेन प्रसोधनियञ्च । अत्र पत्रार्थे साखि स एव ् बहार साक्यभिक्षु श्रीजयदितपालजुस दृष्टमेक प्रमानश्चेति ।। प्रते श्रीश्रीरायमल कुह्मर थाकुर सिंध्रयात बिज्यायस काया जुरो ।। शुभ ।।**

(पछाडिपट्टि)

**१ थंथबाहार उफलगा–**
**द बूया तस्य क्रियपत्रं ।।**

कुमार रायमल्लको सिन्दूरजात्राको लागि क्वाथबहारको सर्वसङ्घसमुच्चयले आफ्नो हकभोगको एक रोपनी जग्गा बेचेको कुरा यस राजीनामापत्रबाट बुझिएको छ तापनि त्यो सिन्दूरयात्रा कुन प्रसङ्गमा भएको हो भन्ने कुराचाहिँ यताबाट खुल्दैन।

राय मल्लको जन्मसमय थाहा नपाइएकोले यो पत्र हुँदा उनको उमेर कति थियो भन्ने थाहा नपाइए तापनि उनी राजा यक्ष मल्लका जेठा छोरा भएकाले, त्यस बेला यक्ष मल्लको उमेर ५१ वर्षको[१] भएकोले र त्यस बेला बाल-विवाहको चलन भएकोले यो पत्र हुँदा राय मल्ल पूरा उमेरदार भइसकेका थिए भन्ने कुरामा सन्देह छैन। यस

१. यक्ष मल्लको जन्म वि. सं. १४६५ मा भएको हो (वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ७ अङ्कमा छापिएको, शङ्करमान राजवंशीको **यक्षमल्लका समयका निश्चित संवत् र तिथिमितिहरू भन्ने** निबन्ध, सो अङ्कको ३६ पृष्ठ)।

कारण आफ्ना उत्तराधिकारी जेठा छोरालाई राजकाजमा क्रमशः भिजाउँदै जाने विचारले यक्ष मल्लले काठमाडौंको यो सिन्दूरजात्रा गराएका त होइनन् भन्ने जस्तो मलाई लागेको छ ।

क्वाथबहालको सर्वसङ्घसमुच्चयले गरिदिएको यो राजीनामापत्रबाट सो विहारको प्राचीनताको विषयमा केही प्रकाश पर्ने हुनाले यस विषयमा पनि यहाँनिर केही लेख्नुपरेको छ ।

जग्गा राजीनामा गरेर दिनेहरूको वतन खुलाउँदा यम्बू महानगरको क्वाथबहार भनी यहाँ लेखिएको छ । काठमाडौँ शहरको उत्तर भागलाई **यम्बू** र दक्षिण भागलाई **यङ्गल** भनी शहरलाई दुइ भागमा बाँड्ने त्यस बेलाको चलन भएकोले[२] **यम्बूमा** पर्ने त्यो **क्वाथबहार** शहरको उत्तरी भागमा थियो भन्ने यताबाट स्पष्ट भएको छ ।

काठमाडौँ शहरको उत्तरी भागमा भएको यो क्वाथबहार, ठँहिटीको इलाकामा पर्ने आजभोलिको **क्वाबहाल** नै हो भन्ने कुरामा शङ्का छैन । क्वाबहालको विषयमा लेख्दै जाँदा जोन केर लकले त्यसको प्राचीनताको विषयमा लेख्नु-भएको कुरा यहाँनिर उद्धरण गर्नुपरेको छ–

> लिट्ल् इज् नोन् अबाउट् द हिस्टरि अफ् क्वा बाहा, डिस्पाइट् द फ्याक्ट् द्याट् इट् इज् रिकग्नाइज्ड् याज् द सीन्यर्– मोस्ट् *बाहा* अफ् थतु पुइँ यान्ड् अफ्न् लिस्टइड् फर्स्ट् अन् लिस्ट्स् अफ् द *बाहाज्* अफ् दि आचार्य गूठी । दर् इज् नथिङ इन् द कम्पाउन्ड् अफ् ग्रेट् यान्टिक्विटि । दि अर्लिइस्ट् डेट्इड् रेफ्रेन्स् टु क्वा बाहा कम्ज् फ्रम् यान् इन्स्क्रिप्शन् याट् सिघ बाहा [८] डेट्इड् एन्. एस्. ६७२ ह्विच् मेन्शन्ज् ए *भिक्षु* फ्रम् क्वाथ बाहार हू वज् ए मेम्बर् अफ् ए *गूठी* देर् ।[२५] दि अर्लिअर् फर्म् अफ् नेम्, आई. ई. क्वाथ बाहार (अर् कोठ बहारा) इज् अटेस्ट्इड् टु इन् सेभ्रल् इन्-स्क्रिप्शन्ज् ।[३]
>
> २५. रेग्मी ४ : ११[४]
>
> [ थतु पुइँको ज्यादै मुख्य बहाल भनी मानिँदा मानिँदै पनि र आचार्यगूठीका बहालहरूको सूचीमा अक्सर पहिलेबाटै दरिँदा दरिँदै पनि क्वाबहाको इतिहासको विषयमा ज्यादै कम कुरा मात्र थाहा भएको छ । (बहालको) गिर्दामा ज्यादै पुरानो कुरा केही छैन । क्वाबाहासम्बन्धी सबभन्दा पुरानो मिति भएको सन्दर्भ, ने. सं. ६७२ मिति भएको सिघबाहाको अभिलेखबाट आउँछ ।[२५] त्यहाँको गूठीको गुठियार भएका कुनै भिक्षुको उल्लेख त्यहाँ गरिएको छ । (त्यस बाहाको) नाउँको प्राचीनतर रूप अर्थात् क्वाथबाहार (वा कोठबहारा) अरू अरू अभिलेखमा प्रमाणित भएको छ । ]
>
> २५. रेग्मीको **मध्यकालको नेपाल** ४ भागको ११ पृष्ठ ।

---

२. वि. सं. २०३१ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, **कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टडइज्** [ नेपालविषयका विद्यासम्बन्धी लेख ] को १ वर्ष २ अङ्कका ९०–९८ पृष्ठमा छापिएको गौतमवज्र वज्राचार्यको **यङ्गल, यम्बु** भन्ने निबन्ध ।

३. वि. सं. २०४२ मा काठमाडौँबाट सहयोगी प्रेस, प्राइभेट लिमिटेडद्वारा प्रकाशित, जोन केर लकको **बुड्इस्ट मनअसटरिज् अफ् नेपाल्** [ नेपालका विहार ] को २७० पृष्ठ ।

४. उही पुस्तकको ४९९ पृष्ठ ।

लकले ने. सं. ६७२ भन्दा पुरानो लिखतमा क्वाबहालको चर्चा नभेट्टाएको कुरा यताबाट स्पष्ट भएको छ । लकले उल्लेख गरेको यस अभिलेखको मिति ने. सं. ६७२ [ वि. सं. १६०८] माघकृष्णद्वितीयाको[५] भएको र हाम्रो लिखतपत्रको मिति ने. सं. ५७९ [ वि. सं. १५१६ ] ज्येष्ठशुक्लदशमीको भएकोले लकले भेट्टाएकोभन्दा ९२ वर्षभन्दा पनि पुरानो लिखतमा क्वाबहालको चर्चा भेटिन गएको छ ।

□

# यक्ष मल्लका अहिलेसम्म प्रकाशमा नआएका दुइवटा शिलालेख

(वि. सं. १५०७–१५३३)

—महेशराज पन्त

(१ सङ्ख्या)

भक्तपुरदरबारको पटाङ्गिनीमा बहिर्द्वारको आग्नेयपट्टि चार धामका मन्दिर छन् । तिनमा रामेश्वरमन्दिर र जगन्नाथमन्दिरको उत्तराभिमुख सिँढीको पहिलो खुड्किलो भएर हाल रहेको ढुङ्गामा तलको लेख कुँदिएको छ । केही अक्षर ज्यादै खिइएकाले अभिलेखको पाठ खण्डित भएको छ । ढुङ्गाको लेख देखिने जति भागको लम्बाइ १९.९ अङ्गुल र चौडाइ ४.७ अङ्गुल छ ।

मूलपाठ

१. गुरौ ।।

२. (ल)क्ष्म्याः दिवंगते ।।

शुभ ।।

३. (ॐ अद्य श्वेतव)राहकल्पे वैवश्वतमन्वन्तरे कलियुगे ‸ भरतखण्डे जम्बूदीपे हिमवन्तपादे श्रीनेपालमण्डले श्री-

४. – – भूमिमुखजलधारां भूपाते – – लविद्याकृतिना विनिर्गत दक्षिणमुखजलनालिकां – – – –

५. लोके संप्राप्ता भवतु तेन पुण्येन पुत्रपौत्रसंततिसंतानमायुरारोग्यमैश्वर्य – – – महाराजस

तिनै रामेश्वरमन्दिर र जगन्नाथमन्दिरको पूर्वाभिमुख सिँढीको तेस्रो खुड्किलो भएर हाल रहेको ढुङ्गामा तलको लेख

---

५. वि. सं. २०२४ मा काठमाडौँबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित **मेड्इईभल् नेपाल्** [ मध्यकालको नेपाल ] ४ भागको १० सङ्ख्याको अभिलेख, १०–११ पृष्ठ ।

कुँदिएको छ। सिँढी बनाउँदा केही अक्षर मन्दिरको गारोले छोपिन गएकाले, निकै अक्षर ज्यादै खिइएकाले र बायाँपट्टि केही अक्षर फुटेर गएकाले अभिलेखको पाठ खण्डित भएको छ। ढुङ्गाको लेख देखिने जति भागको लम्बाइ २९.४अङ्गुल र चौडाइ २.६ अङ्गुल छ।

मूलपाठ

**१. – – विभौ व ।। अद्य कार्तिकमासे कृष्णपक्षे अमावास्यान्तिथौ – – नक्षत्रे पुष्ययोगे शनिचरवासरे – – राशिगते सवितरि – – रासिगते चन्द्रमसि – – – – – – चा**

**२. (ल)क्ष्मीनाम्नें तस्यैं उदेशनार्थं श्रीश्रीजययक्षमल्लदेवप्रभु – – – – – – दि – – त – – – – – – जल – – तां – – – – – – – – – – – – – – दिवंगत – – – – – – – – – –**

**३. पक्षे दिन कोह्ल॰ यिति प्रतिष्ठा याङा ।। ❀ ।। संवत् ५७१ – – – – – – – – – – – – – – – ि – – – – – – – – – – – – – – – – – – – – – – – – –** [१]

संस्कृतबहुल भाषामा[२] लेखिएको अभिलेख खण्डित भएकोले जम्मै कुरा बुझिँदैन। अभिलेखको उत्तराभिमुख खण्डका माथिल्ला दुइ पङ्क्तिमा अनुष्टुभ् वृत्तका दुइ दुइ पाउ कुँदिएको जस्तो देखिन्छ तापनि श्लोकको निकै भाग फुटेकोले जम्मै कुरा बुझिँदैन। यसो भए तापनि कुनै स्त्री परलोक भएको कुरा त्यस श्लोकमा परेको कुरामा भने कुनै शङ्का छैन। त्यसपछि अभिलेखमा महावाक्य आउँछ र दक्षिणतिर मुख फर्केको धारा बनाएको र धारा बनाउँदा हुन गएको पुण्यबाट छोरा नाति सन्तान दरसन्तानसम्मको आयु, आरोग्य र ऐश्वर्यको वृद्धि होओस् भन्ने कामना गरिएको कुरा त्यसबाट बुझिन्छ।

अभिलेखको पूर्वाभिमुख खण्ड पनि उत्तराभिमुख खण्ड जस्तै खण्डित भएकोले जम्मै कुरा बुझिँदैन तापनि दिवङ्गत कुनै स्त्रीको उद्धारको लागि ने. सं. ५७१ मा धारा प्रतिष्ठा गरेको कुरा भने बुझिन्छ। दोस्रो पङ्क्तिमा **श्रीश्रीजय-यक्षमल्लदेवप्रभु** पढ्न सकिएकोले ती दिवङ्गत स्त्रीको यस उद्धारकार्यमा राजा यक्ष मल्लको हात थियो भन्ने स्पष्ट भएको छ। पहिलो पङ्क्तिको सङ्कल्पवाक्यमा साल नदिई सङ्कल्पवाक्यमा जस्तै महीना पक्षको साथै अरू तिथिमिति मात्र दिइएका छन् र सबभन्दा पछिल्लो पङ्क्तिमा चाहिँ साल, महीना र पक्षको साथै अरू तिथिमिति बाहेक अरू पढ्न सकिएन।

दुइवटा भिन्नाभिन्नै ढुङ्गामा कुँदिएकाले यी दुइ ढुङ्गा भिन्नाभिन्नै अभिलेखका हुन् भनि तर्क गर्न सकिन्छ तापनि कुनै स्त्री दिवङ्गत भएको र धारा बनाइएको कुरा उत्तराभिमुख ढुङ्गामा परेकोले र पूर्वाभिमुख ढुङ्गामा दिवङ्गत कुनै स्त्रीको उद्धारको लागि धारा बनाएको कुरा परेकोले र दिवङ्गत स्त्रीको नाउँ दुवै खण्डमा राम्ररी नदेखिए तापनि तिनको नाउँको पछिल्लो अक्षर दुवै अभिलेखबाट **क्ष्मी** भन्ने देखिएकोले पनि यी दुइ ढुङ्गा भिन्नाभिन्नै अभिलेखका नभई एउटै अभिलेखका हुन् भन्ने देखिन गएको छ। त्यसमाथि, यी दुवै ढुङ्गा कुँदिएका अभिलेखका लिपि र अक्षरका गेडा पनि एकैनासका भएकाले यी दुइ ढुङ्गा भिन्नाभिन्नै अभिलेखका होइनन्, एउटै अभिलेखका दुइ खण्ड मात्र हुन् भनी भन्न सकिन्छ।


---

१. यो अभिलेख, श्रीलीलाभक्त मुनकर्मीले देखाइदिनुभएको हो।

२. **कोह्ल॰ यिति प्रतिष्ठा याङा** भन्ने वाक्यांश पनि पूर्वाभिमुख अभिलेखमा देखिएकोले नेवारी पनि कहीँ कहीँ घुसाइएकोमा सन्देह छैन।



भक्तपुर गाहिटीको वामन विष्णुको मूर्ति
( वि·सं· १५३३ )



भक्तपुर गाहिटीको वामन विष्णुको पीठको अभिलेख

( वि· सं· १५३३ )

(२ सङ्ख्या)

आजभन्दा २५ वर्ष जतिअघि हामी संशोधन–मण्डलका सदस्यहरूले भक्तपुर गाहिटीको अभिलेखको छापा लिएका थियौँ तापनि त्यस अभिलेखको पाठ कुन्नि किन हो, हामीमध्ये कसैबाट पनि प्रकाशमा नआएर छापा त्यसै थन्किएर रहिरहेको थियो । संशोधन-मण्डलको सङ्ग्रहमा रहेका अभिलेखका छापा हालै मिलाउँदै जाँदा गाहिटीको त्यस अभिलेखको छापापट्टि मेरो दृष्टि गयो र त्यस अभिलेखको पाठ अहिलेसम्म नछापिएको देखेर त्यस छापाबाट त्यस अभिलेखको सम्पादन गर्ने विचार गरेँ । तर संशोधन-मण्डलको सङ्ग्रहमा रहेका, त्यस अभिलेखका दुवै छापाको बायाँ-तिरको अंश च्वाट्टै च्यातिएर गएको हुनाले र छापामा कहीँ कहीँ अक्षर नबुझिने भएकोले त्यस छापाको भरमा मात्र समग्र पाठ नउतारिने भयो । यसैले मूलबाटै अभिलेख पढ्ने र अर्को छापा पनि लिने विचार गरी म गाहिटी पुगेँ । संशोधन–मण्डलको सङ्ग्रहमा रहेको त्यस अभिलेखको छापामा **भक्तपुर गाहिटीको यक्षमल्लको** भनेर मात्र लेखिएकोले र गाहिटीमा कहाँ यो अभिलेख छ भन्ने कुरा मैले पनि बिर्सिसकेकोले एकछिन त म रनभुल्लमा परेँ । अभिलेखमा विष्णुको मूर्ति स्थापना गरेको कुरा परेकोले र गाहिटीमा नारायणको दक्षिणाभिमुख ढुङ्गे मूर्ति देखिएकोले त्यही मूर्तिसँग सम्बद्ध यो अभिलेख हुनुपर्छ भन्ने मैले ठानेँ । तर त्यस्तो अभिलेख त्यहाँ कतै नदेखिएको र नारायणको मूर्तिको पादपीठ नदेखिने गरी माटोमुनि पुरिएकोले पक्कै पनि अभिलेख छोपिएको हुनुपर्छ भन्ने अठोट गरी म फर्केँ । फेरि अर्को पल्ट त्यहाँ गएँ र नेपाल रिसर्च प्रोग्रामको सहयोगले खनेर हेर्दा नभन्दै पादपीठमा त्यही अभिलेख कुँदेको देखेँ । माटो मुनि पुरिएर रहेकोले होला, पहिलो पङ्क्तिका उठानका केही अक्षरलाई छोडेर निकै राम्रो अवस्थामा अभिलेख रहेछ । नारायणमूर्तिचाहिँ हिफाजत नगरी बाहिरपट्टि यसै राखिएकोले निकै खिएर गएको छ । मूर्तिको र अभिलेखको भौतिक अवस्थामा निकै अन्तर भएकोले क्वाट्ट हेर्दा मूर्तिको र अभिलेखको परस्परमा सम्बन्ध नै छैन कि जस्तो देखिन जान्छ । ४६.५ अङ्गुल अग्लो यस नारायण मूर्तिको ३२ अङ्गुल लम्बा, ११ अङ्गुल चौडा पादपीठको २८.३ अङ्गुल लम्बा र ७.३ अङ्गुल चौडा भाग अभिलेखले ढाकेको छ ।

मूलपाठ

**१. १ ॐ नमो (वासुदेवाय ।।)**<br>
**ऽ ऽ ऽ ऽ । ऽ ऽ धरति करतले वामनो वासुदेवः**<br>
**श्रीलक्ष्म्या संयुतश्च त्रिभुवननमितो धर्म्ममोक्षा-**

२. **र्थहेतुः**<br>
**विष्णुस्त्रैलोक्यनाथः कलिकलुषहरो भुक्तिमुक्तिप्रदाता**<br>
**पायाद्वः सर्व्वदा वं प्रवरसरसिजस्थायिनारायणश्च ।।**

**३. स्वस्ति ।।**<br>
**श्रीनेपालमहीश्वरो नृपगुरुः श्रीयक्षमल्लः प्रभु**<br>
**श्चक्रे शत्रसुमंडपं सकलशं पाषाणमूर्त्ति हरेः ।**<br>
**स्वर्गा-**

**४. पां प्रतिमां प्रधानगरिमन्सत्यक्षराजस्य वं**<br>
**रम्यां युग्मसतीयुतां विरचितां शत्रोपरि स्थापितां**<br>
**यावच्चन्द्रकलामला**

५. पशुपतेर्मोलौ वसत्युज्ज्वले
यावच्छेषफणामणौ च धरणी सर्व्वाश्रया वर्त्तते ।
यावन्मेरुगिरौ सुखेन रमते सर्व्वसुराणां ग-
६. ण-
स्तावद्रक्षतु शत्रमंडपवरं श्रीवामन(:)[३] केशवः ॥
अनेनापि च पुण्येन चारोग्यसंततिश्रियः ।
श्रीयक्षमल्लदेवानां वृ-
७. द्धयः संतु सर्व्वदा ॥
दिवंगतप्रधानस्य यक्षराजस्य धीमतः ।
वैकुण्ठभुवनावासो भूयाद्द्वंद्वसती सह ॥ ॐ ॥
८. नेपालहायनगते मुनिरंध्रबाणे
माघे शिते मकरकेतुतिथौ प्रयाते ।
तस्मिंश्च वामनहरिं वरसत्रशालां
धर्म्मार्थकामफलदां हि कृत प्रतिष्ठां ॥ ॥

[ ॐ वा(सुदेवलाई) नमस्कार ।

...श्री — लक्ष्मीले युक्त भएका; तीनै लोकले नमस्कार गरिएका; धर्म, अर्थ र मोक्षको कारण भएका वामन वासुदेवले हत्केलामा लिनुभएको छ । तीनै लोकका मालिक; कलिको पाप हरण गर्ने; भुक्ति र मुक्ति दिने; असल कमलमाथि उभिनुभएका नारायण विष्णुले हामीहरूको सधैँ रक्षा गर्नुहोस् । कल्याण होओस् ।

श्रीनेपालका राजा, राजाहरूका मान्य, श्रीयक्षमल्ल प्रभुले गजूरसहितको सत्तलरूपी असल मण्डप; हरिको शिलामूर्ति; सत्तलको माथि राखिएको; प्रधानको गरिमा भएका; सज्जन यक्षराजको जोडी सतीसमेत बनाइएको; स्वर्ग पाइने राम्रो मूर्ति बनाउनुभयो ।

जबसम्म सफा चन्द्रकला पशुपतिको शिरमा रहन्छ, जबसम्म शेष नागको फणाको सफा मणिमा सबैको आश्रय भएको पृथ्वी रहन्छ, जबसम्म मेरु पर्वतमा सबै देवगण सुखपूर्वक रमाउँछ, तबसम्म श्रीवामन केशवले सत्तलरूपी श्रेष्ठ मण्डपको रक्षा गर्नुहोस् ।

यस पुण्यले पनि श्रीयक्षमल्लदेवको आरोग्य, सन्तान, ऐश्वर्य र बढिबढाउ सधैँ होओस् ।

स्वर्ग गएका प्रधान, बुद्धिमान् यक्षराजको जोडी सतीसँग वैकुण्ठलोकको वास होओस् ।

नेपालसंवत् ५९७ जाँदा, माघमा, शुक्ल (पक्ष)[४] मा, त्रयोदशी तिथि जाँदा, त्यस बेला वामन हरिको (र) धर्म अर्थ र कामको फल दिने श्रेष्ठ सत्तलको प्रतिष्ठा गरियो । ]

संस्कृत भाषामा लेखिएको यस अभिलेखमा ॐ **नमो वा(सुदेवाय)** र **स्वस्ति** छोडेर सम्पूर्ण रचना ६ वटा पद्यमा

३. *शिलालेखमा यहाँनिर पाप्रो उप्केकोले विसर्ग उप्किएको अनुमान हुन्छ ।*

३ क. मूलमा भूयाद्को द् र द्वंद्वको द्वं जोल्टाएर लेखिएको छ ।

४. माघे र शिते (शुद्ध–सिते) को बीचमा खण्डाकार नभए पनि यहाँ असिते (कृष्ण) लेखेको पनि हुन सक्छ ।

गरिएको छ । तिनमा पहिलो पद्यको वृत्त स्रग्धरा, दोस्रो र तेस्रोको शार्दूलविक्रीडित, चौथो र पाँचौँको अनुष्टुभ् र पछिल्लोको चाहिँ वसन्ततिलका छ । शार्दूलविक्रीडितमा लेखिएको तेस्रो पद्यको तेस्रो पाउको चौधौँ वर्णमा (स्वर्गमा) कुँद्नेले विसर्ग छुटाएर होला, त्यो वर्ण गुरु नभई लघु हुन गएकोले एक ठाउँमा छन्दोभङ्ग हुन पुगेको छ ।

त्यस ताकाका संस्कृतभाषाका लेखमा अशुद्धि भेट्टाउनु नियमै जस्तो भएकोले हाम्रो यस अभिलेख पनि त्यस नियमको अपवादस्वरूप छैन भन्ने कुरा यहाँनिर भन्नुपर्छ । यसको प्रमाणको लागि तेस्रो पद्यको तेस्रो पाउको प्रधानगरिमन्सत्यक्षराजस्य, पाँचौँ श्लोकको चौथो पाउको द्वंद्वसती सह र पछिल्लो पद्यको कृत प्रतिष्ठांलाई औँल्याउनुपर्छ । यसो हुँदाहुँदै पनि लेख त्यति भ्रष्ट छैन र चारै थरी वृत्तमा कविले आफ्नो भाव व्यक्त गर्न सकेकै छन् भनेर चाहिँ भन्नैपर्छ ।

परसवर्ण गर्नुपर्ने ठाउँमा अनुस्वार राखेको (दोस्रो पद्यको दोस्रो पाउमा र तेस्रो पद्यको चौथो पाउमा मंडप र छैटौँ पद्यको पहिलो पाउमा रंध्र) कुरालाई वास्ता नराख्ने हो भने अभिलेखको वर्णविन्यास सामान्यतः शुद्ध छ तापनि ठाउँठाउँमा शकार र सकारको छ्यानविचार नगरेको देखिन्छ । यसको प्रमाणको लागि आश्रयलाई आसय लेखको (तेस्रो पद्यको दोस्रो पाउमा सर्व्वासया), सत्रलाई शत्र लेखेको (दोस्रो पद्यको दोस्रो र चौथो पाउमा र तेस्रो पद्यको चौथो पाउमा[५]) र सितेलाई शिते लेखेको (छैटौँ पद्यको दोस्रो पाउमा) लाई औँल्याउनुपर्छ । यसो भए तापनि यी गलती कविको नभई शिल्पीको हो भनी भन्न नसकिने होइन ।

दिवङ्गत प्रधान यक्षराजको र उनीसँगै सती गएका दुइ पत्नीको उद्धारको लागि राजा यक्ष मल्लले भव्य सत्तल बनाई नारायणको शिलामूर्ति स्थापना गरेको र सती गएका दुइ पत्नीसहितको, प्रधान यक्षराजको सालिग पनि राखिदिएको कुरा यस अभिलेखमा परेको छ । नारायणको मूर्ति र सालिकको प्रतिष्ठा वि. सं. १५३३ माघशुक्ल-त्रयोदशीको दिन गरिएको थियो भन्ने कुरा पनि यताबाट स्पष्ट भएको छ ।

गद्दीनशीन राजाले आफैँ अघि सरी दिवङ्गत प्रधान यक्षराजको उद्धारको लागि पुण्यकार्य गरी उनको र उनीसँगै सती गएका उनका दुइ पत्नीको सालिकसमेत राखिदिएकाले यी प्रधान, यक्ष मल्लका अवश्य पनि नजिकैका रहेछन् भन्ने थाहा पाइए तापनि उनी को हुन् भन्ने कुरा भन्न भने सकिएन ।

यस अभिलेखमा सामान्यतया विष्णुको चर्चा परे तापनि खास गरी वामन विष्णुको चर्चा आएको छ भन्ने कुराको प्रमाणको लागि पहिलो, तेस्रो र छैटौँ श्लोकलाई अघि सार्न सकिन्छ । कुरा अझ खुलाएर भन्ने हो भने, पहिलो पद्यको पहिलो पाउको पहिला सात अक्षर लुप्त भइसके तापनि बाँकी रहेको भागमा वामन वासुदेवले हत्केलामा लिनु भएको छ भन्ने कुरा लेखिएको छ र त्यस्तै गरेर तेस्रो पद्यमा वामन केशवबाट अनन्त कालसम्म सत्तलको रक्षा होओस् भन्ने भाव व्यक्त गरिएको छ त अन्तिम पद्यमा चाहिँ फलानो दिन वामन हरिको र सत्तलको प्रतिष्ठा गरियो भनी लेखिएको छ ।

चतुर्बाहु विष्णुका पछाडिपट्टिको दायाँ, पछाडिपट्टिको बायाँ, अगाडिपट्टिको बायाँ र अगाडिपट्टिको दायाँ हातमा गरी क्रमशः कहिले शङ्ख, चक्र, गदा, पद्म त कहिले पद्म, गदा, चक्र, शङ्ख त कहिले चक्र, शङ्ख, पद्म, गदा इत्यादि गरी विष्णुका चार हातमा हुने आयुधलाई तलमाथि पारेर विष्णुका मूर्तिको २४ भेद हुने कुरा प्रतिमालक्षणसम्बन्धी पुस्तकहरूबाट थाहा पाइन्छ । ती ग्रन्थहरूअनुसार चतुर्विंशतिमूर्तिमध्ये आठौँ प्रकार वामन हो र वामनमूर्ति

---

५. छैटौँ श्लोकको तेस्रो पाउमा चाहिँ शुद्धरूप सत्र नै छ ।

विष्णुको पछाडिपट्टिको दायाँ हातमा चक्र, पछाडिपट्टिको बायाँ हातमा गदा, अगाडिपट्टिको बायाँ हातमा पद्म र अगाडिपट्टिको दायाँ हातमा शङ्ख हुन्छ ।[६] हाम्रो यस मूर्तिको पछाडिपट्टिको बायाँ हातमा गदा, अगाडिपट्टिको बायाँ हातमा पद्म स्पष्ट देखिन्छ । दाहिनेपट्टिचाहिँ पछाडिको हात भाँचिएकोले त्यस हातमा के थियो भनी भन्न सकिन्न तापनि अगाडिपट्टिको हातमा शङ्खचाहिँ स्पष्टै देखिन्छ । वामन विष्णुको मूर्ति भनी अभिलेखमा भनिएको यस मूर्तिका तीन हातमा गदा, पद्म र शङ्ख देखिई चक्र अझै नदेखिएकोले र प्रतिमालक्षणअनुसार वामनमूर्ति विष्णुको पछाडिपट्टिको दायाँ हातमा चक्र हुने हुनाले भाँचिएको त्यस हातमा चक्र नै थियो भनेर निर्धक्क भन्न सकिन्छ । यताबाट अभिलेखमा वामन विष्णु भनी बयान गरिएको यो मूर्ति विष्णुका चतुर्विंशतिमूर्तिमध्येको वामनमूर्ति हो भन्ने स्पष्ट भएको छ ।

□

# वि. सं. १६१९ को ताडपत्रमा लेखिएको, पाटनको अहिलेसम्म प्रकाशमा नआएको एउटा राजीनामापत्र

–महेशराज पन्त

यस पत्रको मिति ने. सं. ६८२ [ वि सं. १६१९ ] नष्टश्रावणशुक्लद्वितीया छ । मूल ताडपत्रको माइक्रोफिल्म, राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई १९०३/५ हो । यस प्रकारका अरू धेरैजसो लिखतपत्रहरूमा जस्तै, यसमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको, चारैतिर थोपैथोपा भएको गोलो छाप छ । त्यस छापमा श्री अक्षर अङ्कित छ ।

मूलपाठ

१. ॥ श्रेयोऽस्तु ॥ सम्वत ६८२ नष्टश्रावणशुक्लद्वतियायां तिथौ श्रीललितब्रुमायां श्रीमानिग्लके पश्चिमत । ।श्री छ्वाचबहारगृह ॥ विजय भारो जसिराम भारो मेलु भारो पयाक भारो एते भ्राथ्य सहस नाम्नेन स्वकियं स्वभुर्ज्यमानिकं तत्रेव शिकुथि वंतागृह ॥ लुंगडिया नाम्ना सकासात शरावगाडवातिकानामप्रदेशे स्वल्पमार्ग्गशिमायां पश्चिमत ॥ वगु-

२. या वातिकायां उत्तरत ॥ हेडाजया वातिकायां पूर्व्वत ॥ रख माहातयाव श यव धार्ण्णंकस वो द्वयोश वातिकाया दक्षिनत ॥ एतेषां मधे ता वातिका रूप स्व ३ थवतेश धार्ण्ण स्वादिकार जुक्वस

६. वि. सं. २०२८ मा वाराणसीबाट इन्डोलजिकल बूक हाउसद्वारा पुनः प्रकाशित, टी. ए. गोपीनाथ रावको **एलइमन्ट्स् अफ् हिन्डू आइकन्‌अग्राफ़ि** [ हिन्दू प्रतिमालक्षणका मूल कुरा ] को पहिलो भागका २२७–२३२ पृष्ठ, परिशिष्टका ६२–६४ पृष्ठ ।

**ऋषकसमपरिभोज्ञ जथानग्रकालप्रवर्त्तमानसंचारार्घन जथोश्चितमूलेमादाय क्रिबिक्रीस्वादिनेन तेनानिवर्त्तकंन्यायन क्रिन विक्रीय-**

**३. तम्भवति जदि स्यात् देविकराजिक विना ता धार्ण्ण स्वादिकार जुक्व वातिका संकट्व्यावाद्रकाले तदा धार्ण्णकेन परिसोधनिय०ृ अत्र पत्राथे साक्षि धार्ण्ण स्वगोत्र चंपसिंह भारोसमेक ।। दृष्ट ।। क्रिप्न सर्व्वसोधान धुंग्व**

पाटन छ्वाचबहारका विजय भारोसमेतका चार जना दाजुभाइले आफ्नो ३ कर्ष (पौने एक रोपनी) बारी पाटनकै लुंगुडिलाई बेची यो राजीनामापत्र गरिदिएको हो । वि. सं. १६१९ मा श्रावणमा अधिमास परेको थियो र यो राजीनामापत्र गरिनुभन्दा २४ दिन जतिपछि गरिएका, काठमाडौँको एउटा राजीनामापत्रमा र भाकापत्रमा त्यस अधिमासलाई बुझाउन **द्विराषाढनस्तश्रावण** भन्ने लेखिएको र हाम्रो यस राजीनामापत्रमा चाहिँ **नष्टश्रावण** मात्र लेखिएको्ले अधिमासको विषयमा विचार गर्न सजिलो परोस् भन्ने हेतुले यसलाई यहाँ प्रकाश गरिएको छ ।

□

# महेन्द्र मल्लले कोटिलिङ्गेश्वरको स्थापना गर्दा खेलाइएको रामायणनृत्य

(वि. सं. १६२३)

—महेशराज पन्त

महेन्द्र मल्लले कोटिलिङ्गेश्वरको स्थापना गर्दा खेलाइएको **रामायणनृत्य**का केही अंशको उद्धरण आजभन्दा दश वर्ष-अगाडि मैले प्रसङ्गवश **पूर्णिमा**मा गरेको थिएँ ।[1] अहिले सो सम्पूर्ण **रामायणनृत्य पूर्णिमा**का पाठकहरूको सामु राख्दैछु ।

वि. सं. १५४४ मा राजा रत्न मल्लकी छोरी विरमादेवीको विवाहमा खेलाइएको, **चतुरङ्गरामायणनाटक** जुन ठ्यासफुमा लेखिएको छ[2], त्यही ठ्यासफुमा यो **रामायणनृत्य** पनि लेखिएको छ । त्यस ठ्यासफुको माइक्रोफिल्म

---

१. वि. सं. २०३४ मा प्रकाशित **पूर्णिमा** ३८ अङ्कमा छापिएको, महेशराज पन्तको **महेन्द्र मल्लको विषयमा केही कुरा** भन्ने निबन्ध, सो अङ्कका ८४–८५ पृष्ठ ।
**पूर्णिमा** ३८ अङ्कमा छापिएको, महेशराज पन्तको **शिवसिंहसँग देखिएका रणजित्सिंह को हुन् ?** भन्ने निबन्ध, सो अङ्कको ९० पृष्ठ ।

२. वि. सं. २०३४ मा प्रकाशित **पूर्णिमा** ३६ अङ्कका २८२–२८९ पृष्ठमा छापिएको, महेशराज पन्तको **रत्न मल्लको पालामा लेखिएको रामायणनाटकको ऐतिहासिक सार** भन्ने निबन्ध ।

नेपाल राष्ट्रिय अभिलेखालयमा छ र त्यसको रीलसङ्ख्या डी २५/५ हो। यो नृत्य ११.७ अङ्गुल लम्बा र ३.९ अङ्गुल चौडा नापो भएका पाँच पृष्ठमा अटाएको छ।

काठमाडौँ जिल्लाप्रहरीकार्यालयदेखि पूर्व, काकेश्वरको मन्दिरदेखि पश्चिम, कालभैरवदेखि उत्तर र नीलवाराहीमन्दिर-देखि दक्षिण कोटिलिङ्गेश्वरको मन्दिर छ। वंशावलीअनुसार त्यो मन्दिर राजा महेन्द्र मल्लले बनाउन लाएका हुन्[3] भन्ने कुरा हामीले थाहा पाए तापनि त्यस मन्दिरको स्थापनासम्बन्धी तात्कालिक प्रमाण प्रकाशमा आएको थिएन। यस **रामायणनृत्य**अनुसार ने. सं. ६८७ [ वि. सं. १६२३ ] पौषकृष्ण [ पूर्णान्तमानले माघकृष्ण ] त्रयोदशीको दिन त्यस कोटिलिङ्गेश्वर मन्दिरको स्थापना भएको थियो भन्ने कुरा बुझिएको छ। त्यस प्रसङ्गमा राजा महेन्द्र मल्लले कोटिहोम पनि गरेका थिए र त्यस होमको अवभृथस्नान टेकुदोभानमा माघशुक्लद्वादशीको दिन भएको थियो भन्ने कुरा त्यही **रामायणनृत्य**मा लेखिएको छ।

रत्न मल्लको पालाको **चतुरङ्करामायणनाटक** सिद्धिएपछि त्यहाँ पछिल्लो लिपिमा यस्तो लेखिएको छ–

> १ ॐ नमो नाट्येश्वराय ।। खिसम ‚‚ ताल चोव जति ।।
>
> दंधा × धाधितेगनंदं धाधिलेङ्ङ नाधिक ‚ तकुधिक २ धधागधा × धा ‚
> तकथाधिक था ‚ तेङधिते गनंदंधा ‚ धुनि ततकुंदंधा ‚ धुनित ‚ तकुंदंधाः ।।

त्यसको लगत्तै यस्तो लेखिएको छ–

> १ ॐ नमो नाट्येश्वराय ।। महाराजाधिराज ‚ श्रीश्रीजयेमहेन्द्रमल्लदेवप्रभुठाकुलस्य विजयेराजेस ‚‚
> कोटिलिंग कोटिशिवस्थापना यातं रामायणनृत्ये द्वयका ।। श्रेयोऽस्तु ।। सम्वत् ६८७ माघमांसे
> शुक्लपक्षे ‚‚ द्वादस्यायां तिथौ आद्रानक्षत्रे ‚‚ आदित्यवारसरे ‚‚ थ्वकोन्हु कोटिहोम पूर्णा ।।०।।[4]

त्यसपछि मूल रामायणनृत्य शुरु हुन्छ। त्यो रामायणनृत्य यहाँ जस्ताको तस्तै उतारिएको छ–

> १ नमो नाटेश्वराय ।।
>
> नमस्कार जोने ‚
> त्रावलिण ।।
> अमलकिरण ‚ शशिभूषितमौलि ।। १ ।। ललितकराबलि ‚‚ नवरसभाव ‚ ।। २ ।।
> वरनयनत्रये त्रिपुरहंन्ता ‚‚ ।। ३ ।। तरुणदिवाकर ‚ सन्निभदेहा ‚ ।। ४ ।।
> हेमाभरण ‚ अलंकृतसोभा ‚ ।। ५ ।। भवप्रमथाधिप शुभ आनन्द ‚ ।। ६ ।।
> दनुजनागनरजक्षसुरेश ।। ७ ।। शकलामोदितविलासित अंग ‚ ।। ८ ।।
> गणति नृत्यति ‚‚ कामेश महेश ‚ ।। ९ ।। ।।
> राग ह्यंदोल ‚ ।। ताल माथ ‚ ।।

---

३. वि. सं. २०३३ मा काठमाडौँबाट त्रिभुवन-विश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको **हनूमान्ढोका राजदरबार**का ७७–७८ पृष्ठ।

४. ने. सं. ६८७ माघशुक्लद्वादशी आर्द्रानक्षत्र आदित्यवारको दिन कोटिहोम सम्पूर्ण भयो भनी यहाँ लेखिएको छ। तर तल मूल नृत्यमा ने. सं. ६८७ माघशुक्लद्वादशी आर्द्रानक्षत्र सोमनन्दनदिन [बुधबार] कोटिहोम पूर्ण भएर अवभृथस्नान भयो भनी लेखिएको छ। यताबाट वारमा विप्रतिपत्ति परेको देखिन्छ।

नारदतुंबुरुधालितनादं ,, नन्दिप्रधानमृदंगवादा ,, २
सकलसुरासुरकृतआनन्दा ,, विरशितशंकरकेलिप्रमोदा ।।नचना।। ० ।।
राग मधुमत ,,।। ताल दुजमान ।।
अमलशिरोमणिवंदितचरणा , मदनमथनमहेश्वरा ,, २
गंगाशिलधरगोपतिगमना , गगणदेशपरिमण्डिता , ।।
भुवनविभूषित , भूतिविभूषण , भूजवरसोभितभूकुण्डिधरा ,, २
चन्द्रचूडामणिफणिवरहार , हरन्तु दुरित मम रेश्वरा ।। १ ।।
राग मधुमतं , ।। ताल माथ , ।।
आदिअवशान , रहितदेहा , तन्तुरुविनी विद्यश्वरी २
जगतआधार ,, शूक्ष्मरूपा ,, अवन्तु माया श्रीकामेश्वरी ,, ।। २ ।। ।।
यिनाये प्रवेश , ।।
राग त्रावलि , ।। ताल माथ , ।।
देवेन्द्रासुरवंदितपादा ,, नमितजनार्थदा , २
विघ्नहरण , गणपतिसगना , सिरसि शशधरभूषणा
अवतरन्ति मत्यभुवना अरुणवर्ण्णा ।। ।।
राग सारंग नाट ।। ताल जति ।।
तरनिवंशमणि सूर्यमल्लदेव ,
तनय श्रीनरेन्द्रमल्लदेव ,, २ लखिमादेवी मनोहरा ,, ।
तनय श्रीरूपनारायण , अवताल , श्रीमहेन्द्रमल्लदेवनरेश्वरा , रूपमदनसमसुंदरा ।।
श्रीमानेश्वरीवरनिर्जितरिपुगणसकर , नृपसेवितचरणा , ।
दानकिरतिकर्ण्ण मण्डितगुणिगण नितिविद्यासत्वविभूषणा ।।
जयन्तिदेवी मंगलादेवी ,, भवानिदेवी ,, दुल्लभलक्ष्मी दुयितीलक्ष्मी , लक्ष्मी , लक्ष्मीपति , ।
तनयवर श्रीसदाशिवमल्लदेव जुवराज धीर , जय जय रविसंभवा ।। ० ।। ।।
राग त्रावलि , ।। ताल तिहुला , ।।
ब्रह्मसुतमुणिभृतो , हरपुरिमण्डणा ,, २
अवलोकितभूवनलोकं , वदति गणेशदेवं , ।। ।।
राग त्रावलि , ।। ताल झंप , ।।
कोटियज्ञकोटिलिंगस्थापनमहोच्छवे ,
चतुरंकरामायण विघ्नहरणा ,, गच्छामि गौरीसूत्रं ,, सुरलोकभुवनं।। ।। ० ।।
राग ।। ताल चाशपुतः ।।
भुवणवन्दित काश्यपनन्दन ,, चालुकरेवर पंकजनयनं , २
दशशतकिरणध्वंसिततिमिरं , नौमि शमि तातदिवाकरं ।। , ।।
राग ह्रींदोल , ।। ताल माथ ।।
हिमगिरिचरणविराजितपुरी ,, अमलावतीसमसुंदरी ,, २
विवाहार्थेज्ञनानामंगलसंगता , ललितनरनालि, श्रीकाष्ठमण्डपनगली ,

कनकगौरितुंग ˎ सप्तवरा ˎ प्रासादजा मनोहरा ˎ मंडित ˎ पण्डितमण्डला ˎ ।।
श्रीपशुपति वाग्मति ˎ स्वयंभुचैत्य ˎ साथिगर ˎ जमरेश्वरा ˎ
श्रीलिछिकेशव ˎ श्रीभीमसेन ˎ अग्निहोत्रमहोहरा ˎˎ
श्रीमहेन्द्रेश्वर ˎ विष्णुव्यूह ˎ श्रीराजराजेश्वरी ˎˎ मातृकासह ˎˎ
धरणी मण्डन ˎ श्रीमहेन्द्रमल्लदेवपालितनगरी ।। ।। देश वर्ण्णा ।। ० ।।
राग सारंगनात ˎ ।। ताल ˎ जति ।।
अब्दमुनिवसुरसयुते ˎ पौषकृष्ण रविमकरगते २
तिथिअष्टमी ˎ मयुरासनभे ˎ सुरगुरु योगशुक्लभे ˎˎ
मोहनीसाधनयज्ञमंगले ˎ जयन्तु चतुरंकरामायना ˎ
कोटिश्वरस्थापन ˎ कोटिहोम ˎ महामहोच्छवकारणा ˎ ।। ।।
शिरिकायाया ˎ ।। ० ।।
राग वसंत ˎ ।। ताल ˎ लंगाभरण ।।
रिपुमृगपतिध्वंसितसरभ ˎ समाना ˎˎ श्रीमहेन्द्रमल्लदेव रूपनारायण ˎ जयन्ति नृपगण ˎ मौरीमणि ।। ।।
राग मलाड ˎ ।। ताल जति ।।
अब्दऋषिअष्टरसमाघसिते ˎ द्वादशितिथि ˎ रविमकरगते ˎˎ २
ताला आद्रा ˎ सोमनन्दनदिन ˎ जयकोटिहोमपूर्ण्णा अवभृतसनानं ।। ।।
त्येखो हो वंङाया ।। ।।
राग वसंत ˎ ।। ताल झंप ।।
हायन ˎ मुनिवसुऋतुसंयुते ˎˎ २ पोषमाश तिथित्रयोदशि अशिते ˎˎ
ऋक्षपूर्व्वाषाढा योगहर्षणे ˎ मकरगतभानुसोमनन्दने ˎ ।।
कणकचित्रप्रासाद मनोहरे ˎˎ स्थापण कोटिहोमाग्निकोटिश्वर ।
सुवर्ण्णकरशध्वज आरोहने . जयजयश्रीमहेन्द्रमल्लदेव धन्ये ।। ।। गजुलि छा ।। ।।
राग ।। ताप झंप ।।
जय जय श्रिवसिंह महामति ˎ भवानिलक्ष्मी सुररीपति ˎ २
अनुजवर श्रीरणजितसिंह रूपकामसमसुंन्दरदेहा ˎ ।।
गिरिवरनन्दिनी ˎ गौरीसदृशा श्रीअमृतादेवी ˎˎ पालितवंशा ˎ २
दुःखिजनसंलखितकरवरा जयति कमलाआकाला ।। ।।
गुसामया तोस ˎ ।। ।।
रामप्रवेश ˎ ।।
राग भास ˎ ।। ताल माथ ˎ ।।
अमिलरिपुगणदर्प्पखण्डण ˎ शशिशैषलधनुभंजिता ˎˎ २
लघुवंशमौरीः श्रीरामलक्ष्मणा जनकतनयसंप्राप्तिता ˎ ।। ।। ।।
दशलयया ।।
राग ।। ताल ˎ माठ ।।
पापिनी केकयी रघुवंशविनाशनी ˎˎ २ मम जिवनहरणं . कथमिदमुक्तं ˎˎ

हाहा किमु करीष्ये ‸ धर्म्मरक्षण० ‸ ।। ० ।।
राग ।। ताल माठ ।।
हाहा रघुनंदन ‸ रामगुणाकर ‸ २
किमिति व्रजसी ‸‸ कान्तारं मम जीवणी ‸ हाहा सुंन्दर ।। ० ।। ‸‸
रावण प्रवेश ।।
राग मलाड ।। ताल खंड ‸‸ ।।
शंकल ‸ चरनांवुज शिलभालं ‸‸ लंकाधिपति दशसिल वीलं ‸‸ २
रावणवेशं त्रिभुवणइशं ‸ पश्यतु मंदोदरि माजेश ।। ० ।। ।।

□

# वि. सं. १६२५ को, ताडपत्रमा लेखिएको, काठमाडौँको अहिलेसम्म प्रकाशमा नआएको एउटा राजीनामापत्र

–महेशराज पन्त

यस पत्रको मिति, ने. सं. ६८८ [ वि. सं. १६२५ ] नष्टवैशाखशुक्लतृतीया छ। मूल ताडपत्रको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई २०९१/४० हो। यस प्रकारको अरू धेरैजसो लिखतपत्रहरूमा जस्तै, यसमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको, चारैतिर थोपैथोपा भएको, गोलो छाप छ। छापमा सबभन्दा माथि श्री अक्षर, त्यस अक्षरको दायाँबायाँ चन्द्र सूर्य, त्यसमुनि दायाँ पनि श्री अक्षर बायाँ पनि श्री अक्षर छ र बीचमा त्रिशूल देखिन्छ तथा तल्लो भाग फुटेकोले बसाहा भने देखिँदैन।

मूलपाठ

१. ॐ श्रेयोस्तु ।। सम्वत् ६८८ नष्टवैसाषमासे ।। शुक्लःपक्ष ।। तृतीयायान्तिथौ ।। श्रीयंबुव्र‸मायां श्रीगामगुलंगे श्रीथोतुंबाहार कस्मीरियतो पिंथछेंगृहवास्टव्य लुंगुसिंहबंदेया नाम्ना सकासातः टोंखायंलागतोलके कुसिक्वछेंगृहवास्टव्य जयकीर्तसिंहदुवारकस्य नाम्नेन शुक्रीयं सूवर्न्यमानिकं० ‸ दलंलंबुक्षेत्रनामप्रदेशे ।। प्रपातसिमायां पछिमतः[1] श्रीश्रीराजकुरया क्षेत्रे–

२. न उत्तरतः हरिसंखडुवारया क्षेत्रेन पुर्व्वतः हाथ्वंगुथिया क्षेत्रेन दक्षिनतः एतेषाम्मधे ।।

---

१. च्यातिएर पछिमतः यो पद आधा आधा मात्र देखिन्छ।

चतुरोपनिकं०_ क्षेत्राङ्कतोपि बु रोव ४ जुरो ।। ततक्षेत्रस्य यथादेसकालप्रवत्तमानसंञ्चराघेन सुवण्णमूलमादाय स्वादिनानवतुकंन्यायन क्रीबिक्रीयतं भवति ।। तत्रा धारनकस्य निमितेन यदि संकृतव्यावाडपीडा स्यात् तदा धारनकेन परिस्वधीनयञ्च (अत्र पत्रार्थे दृ)ष्टसाक्षि पा-

३. त्र श्रीशिवसिंहवर्म्मनस पात्र श्रीरनजीतसिंह वर्म्मनस _ टोंछें राजजयसंखदुवार _ हाम्लछें आशचंद नायक ।। प्रते धारनया थ्व बुह्_ङव भोगन चोंग्व ङचायसवो श्रीश्रीराजस दोहरपेसवो क्रीबिक्रीन काया जुरो ।। तलपति मतकारन चोंग्वमाल दावस्थावस वयंनेमालः ।। शुभ ।।

(पछाडिपट्टि)

(दललं)धुबुय(?)

योतुंबहार [इटुंबहाल] का लुंगुसिंह बन्दे [बाँडा] लाई टोखाका जयकीर्तसिंह दुवारले चार रोपनी खेत बेची यो राजीनामापत्र लेखिदिएको हो । राजालाई पैसा तिर्नुपरेकोले पनि यो खेत बेच्नुपरेको हो भनी खेत बेच्नुपरेको कारण खुलाउँदा यहाँ लेखिएकोले र खेत बेच्दा साक्षी बस्नेमा पात्र शिवसिंह वर्मा र पात्र रणजित्सिंह वर्मा पनि परेकाले यो राजीनामापत्र हामीलाई चाखलाग्दो हुन गएको छ ।

□

# महेन्द्र मल्लका ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ६ वटा लिखतपत्र

**(वि. सं. १६१९, १६२२, १६२४, १६३०)**

—महेशराज पन्त

**(१ सङ्ख्या)**

यस पत्रको मिति ने. सं. ६८२ [ वि. सं. १६१९ ] द्विराषाढनष्टश्रावणकृष्णदशमी छ । मूल ताडपत्रको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई २१२८/४३ हो । यस प्रकारका अरू धेरैजसो लिखतपत्रहरूमा जस्तै, यसमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको चारैतिर थोपैथोपा भएको, गोलो छाप छ । त्यस छापमा सबभन्दा माथि दायाँबायाँ चन्द्रसूर्य, त्यसभन्दा मुनि दायाँपनि **श्री** अक्षर र बायाँ पनि **श्री** अक्षर छ, सबभन्दा मुनि दायाँबायाँ दुइ हात्ती छन् र मध्यभागमा चाहिँ वज्र छ ।

मूलपाठ

**१. १ स्वस्ति ।। श्रीश्रीजयमहेन्द्रमल्लदेवप्रभुठाकुरसन यंबु केलंतोल ह्ल_लछें कान्सकार माधवसिंह _ स एव तोल _ वंखाबाहार मगुलंयंताछें कान्सकार जर्खसिंह _ कान्सकार अनन्तसिंह _ थ्वपनि स्वंह्म**

प्रसादारपा , थानस्य उत्रदिसं , साह्मरयंबिक्षेत्रनामप्रदेसे ।। मूलमार्गेन पश्चिमतः वंथनिह्मं जयरूप-
कस्य क्षेत्रेन ,, उत्तरतः युगादि अन्दानगुथिया क्षेत्रेन पूर्व्वतः सेलालि–

२. कजीवरथनकस्य क्षेत्रेन दक्षिनतः एतेषाम्मध्ये ।। सप्तरोपनिक०, तस्य चौद्रहभागस्य तृयभागं
क्षेत्राङ्कतोपि बु रोव ७ ब्वलेस जिमप्यंवोस स्वंवो ३ जुरों ततक्षेत्रस्य यथादेसकालप्रवर्त्तमान-
सन्चाराघेन सुवर्ण्णमूलमादाय: स्वादिनानवतुकंन्यायेन , कोबिक्रीन प्रसादारपा जुरों अत्र पत्रार्थे
दृष्टसाक्षि , नंदल वंलाछतोल तवकला लिखिछें हर्षसिह बाबु ।। श्रेयोऽस्तु ।। सम्व-

३. त् ६८२ द्विराषाढनस्तश्रावणमासे , कृष्णपक्षे दसम्म्यान्तिथौ ।। शुभ ।।

(पछाडिपट्टि बीचमा)

१ साह्मरयंबि बुया कीपत्र ।।

(पछाडिपट्टि छेउमा)

१. साह्मरयंबि बु-

२. या

राजा महेन्द्र मल्लले सात रोपनी खेतको १४ भागको ३ भाग अर्थात् डेढ रोपनी खेत केलटोलका तीन जना कंस-कारहरूलाई बेची गरिदिएको यस राजीनामापत्र गरेको दिनको मिति **संम्बत ६८२ द्विराषाढनस्टश्रावणमासे कृष्णपक्षे दसम्म्यान्तिथौ** भनी लेखिएकोले यो लिखतपत्र ज्यौतिषशास्त्रको इतिहासको दृष्टिले पनि चाखलाग्दो भएको छ।

आषाढमा द्विर् र श्रावणमा नस्त (शुद्ध रूप नष्ट) विशेषण लगाई दुवै महीनाको नाउँ लिएपछि पक्ष र तिथि यहाँ दिइएको कुरा स्पष्ट छ । द्विर् र नष्ट यी दुवै शब्द अधिमाससँग सम्बद्ध छन् भन्ने कुरामा सन्देह छैन तापनि यहाँ आषाढ श्रावण दुवै महीनाको नाउँ किन लिइयो भन्ने प्रश्नको उत्तर भने स्पष्ट पार्नुपर्ने भएको छ । यो स्पष्ट पार्नुभन्दा अगाडि ने. सं. ६८२ मा अधिमास परेको थियो कि थिएन भन्ने कुराको निर्णय गर्नुपरेको छ ।

अधिमास–क्षयमासका सारणीमा प्राय: शकसंवत् दिइने रिवाज भएकोले ने. सं. ६८२ मा अधिमास परेको थियो कि थिएन भन्ने कुराको निर्णय गर्न सबभन्दा पहिले ने. सं. ६८२ लाई शकसंवत्मा परिणत गर्नुपरेको छ। कार्तिक-शुक्लप्रतिपदादेखि ने. सं. फिर्ने र चैत्रशुक्लप्रतिपदादेखि शकसंवत् फिर्ने हुनाले ने. सं. लाई शकसंवत्मा परिणत गर्दा चैत्रशुक्लप्रतिपदा नलागेसम्म ८०१ र त्यस दिनदेखि ८०२ जोड्नुपर्छ । यस कारण हाम्रो लिखतमा आषाढ श्रावणको चर्चा आएकोले ने. सं. ६८२ मा ८०२ जोड्दा शकसंवत् आउँछ भन्ने स्पष्ट छ। ६८२ मा ८०२ जोड्दा १४८४ हुने हुनाले हाम्रो अभीष्ट शकसंवत् १४८४ हुने भयो । अधिमास–क्षयमाससारणी हेर्दा शकसंवत् १४८४ मा श्रावणमा अधिमास परेको रहेछ[१] भन्ने थाहा हुन्छ तापनि श्रावणमा परेको अधिमास बुझाउन नष्टश्रावण मात्र भने पुग्नेमा **द्विराषाढनस्तश्रावण** भनी हाम्रो लिखतपत्रमा किन लेखियो भन्ने कुराको चाहिँ जवाफ दिन बाँकी नै छ।

वर्तमान कालमानअनुसार **पौषमा** अधिमास पर्दैन भन्ने कुरा सबैलाई थाहा भए तापनि भारतीय ज्यौतिषको

---

१. वि. सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित, देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपानेको सहायता लिई नयराज पन्तद्वारा रचित **लिच्छविसंवत्को निर्णयको** २९६ पृष्ठ ।

प्राचीनतम ग्रन्थ **वेदाङ्गज्योतिषको** पद्धतिअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्छ भन्ने कुरा भने धेरैलाई थाहा छैन ।[२] वेदाङ्गज्योतिषअनुसारको कालमानमा सुधार गरी वर्तमान कालमानअनुसारको अधिमासपद्धति चलनचलतीमा आइसकेपछि पनि पुरानो र नयाँ पद्धतिमा सामञ्जस्य राख्न

नारदको मतमा

१. चैत्रदेखि भाद्रभित्र अधिमास परे सो अधिमास आषाढमा मानिथ्यो

२. आश्विनदेखि फाल्गुनसम्म अधिमास परे सो अधिमास पौषमा मानिन्थ्यो र

भारद्वाजको मतमा भने

१. श्रावणदेखि पौषभित्र अधिमास परे सो अधिमास आषाढमा मानिन्थ्यो

२. माघदेखि आषाढभित्र अधिमास परे सो अधिमास पौषमा मानिन्थ्यो

भन्ने शास्त्रीय वचन भेट्टाइएको[३] र पुराना नेपाली लिखतहरूमा त्यस्तो अधिमासपद्धति प्रशस्त देखिने[४] कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ।

ने. सं. ६८२ अर्थात् वि. सं. १६१९ मा श्रावणमा परेको अधिमासलाई हाम्रो यस लिखतमा **नष्टश्रावण** भन्दा भन्दै पनि चैत्रदेखि अधिमास परे आषाढमा अधिमास परेको मानिने नारदीय पद्धतिको वा श्रावणदेखि पौषभित्र अधिमास परे आषाढमा अधिमास परेको मानिने भारद्वाजको पद्धतिको अनुसरण गरी **द्विराषाढनष्टश्रावण** लेखेको देखिन्छ । यही पत्रसँगै सम्बद्ध अर्को पत्र यहीँ २ सङ्ख्याको रूपमा प्रकाशित गरिएको छ। १ सङ्ख्याको पत्र राजा महेन्द्र मल्लले गरिदिए जस्तै, २ सङ्ख्याको पत्र त्यही मितिमा उनै राजा महेन्द्र मल्ललाई गरिदिएको हो। त्यहाँ पनि यहाँ जस्तै **द्विराषाढनष्टश्रावण** लेखिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ। यो राजीनामापत्र हुनुभन्दा २४ दिन जतिअगाडिको मिति भएको पाटनको एउटा राजीनामापत्रमा चाहिँ नयाँ पद्धतिअनुसार **नष्टश्रावण** मात्र लेखिएको कुरा पनि यस प्रसङ्गमा भन्नु नै पर्छ ।[५]

बिक्री भएको खेतको चार किल्ला खुलाउँदा यस राजीनामापत्रमा **युगादि अन्दानगुथिया क्षेत्रेन पूर्व्वतः** भनी लेखिएको छ। युगादि शब्दले सत्य, त्रेता, द्वापर र कलियुगका युगादिमध्ये एकलाई यहाँ बुझाएको देखिन्छ। कार्तिकशुक्लनवमी अर्थात् कुष्माण्डनवमीको दिन सत्ययुगादि, वैशाखशुक्लतृतीया अर्थात् अक्षयतृतीयाको दिन त्रेतायुगादि, फाल्गुनकृष्णअमावास्याको दिन द्वापरयुगादि मान्ने र आश्विनकृष्णत्रयोदशीको दिन कलियुगादि मान्ने हाम्रो चलन छ। यी चार युगादिमध्ये त्रेतायुगादि अर्थात् अक्षयतृतीयाको दिन दानपुण्यको अत्यन्त माहात्म्य हुनाले **युगादि अन्दान गुथि** भनिएको गूठी अक्षयतृतीयाको दिन **अन्दान** अर्थात् अन्नदान गर्न राखिएको गूठीलाई बुझाएको देखिन्छ ।

---

२. उही ग्रन्थका ३५–४५ पृष्ठ ।

३. उही ग्रन्थका १८५–१८६ पृष्ठ ।

४. उही ग्रन्थका ९–११ पृष्ठ ।

वि. सं. २०४० मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको **मेड्ईभल् हिस्टरि अफ् नेपाल्** [ नेपालको मध्यकालको इतिहास ] का ११–२० पृष्ठ ।

५. पूर्णिमाको यही अङ्कमा छापिएको, महेशराज पन्तको **वि. सं. १६१८ को ताडपत्रमा लेखिएको पाटनको अहिलेसम्म प्रकाशमा नआएको, एउटा राजीनामापत्र** भन्ने निबन्ध ।

यस लिखतपत्रमा आएको अर्को चाखलाग्दो कुरा खेतको नापो बुझाउने प्रसङ्गमा प्रयोग भएको **चौद्रह** शब्द हो। **गोपालराजवंशावलीमा** १४ लाई बुझाउने संस्कृत शब्द **चतुर्दश** नलेखी नव्य भारतीय आर्यभाषाको **चवुद्रह** लेखे जस्तै[६] हाम्रो यस पत्रमा **चौद्रह** लेखेपछि मात्र नेवारी भाषामा **जिमप्यंवो** लेखिएकोले नव्य भारतीय आर्यभाषाका सङ्ख्यावाचक शब्द बढी चलनचलतीमा भएको कुरामा शङ्का छैन।

(२ सङ्ख्या)

यस पत्रको मिति पनि १ सङ्ख्याको पत्रको जस्तै ने. सं. ६८२ [ वि. सं. १६१९ ] द्विराषाढनष्टश्रावणकृष्णदशमी छ। मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई २१३३/१५ हो। यो पत्र ठाउँठाउँमा च्यातिएकोले यसको पाठ खण्डित भए तापनि १ सङ्ख्याको पत्रसँग यसको सम्बन्ध भएकोले त्यस पत्रको आधार लिई प्रसङ्ग मिलाई लुप्त पाठको पुनरुद्धार गर्ने कोशिश गरिएको छ।

मूलपाठ

१. ( ॥ स्वस्ति ॥ श्रीश्रीजयमहेन्द्रम)ल्लदेव प्रभु ठाकुरसन , केलतोल (कान्सकार माधवसिं)ह , कान्सकार ज-

२. र्खसिंह ( , कान्सकार अनन्)तासिंह , थ्वपनि स्वंह्म सके , साह्मरयंबि बुया , भर्ण्ण (काय) दव ॥ पञ्चचारिस

३. ओहो लाक टंका वियङा टंका ४५ नियार मास ९ प्र व्येवहार वलंत्र ॥ दोहोरपेस ओहो टंका वु जुरो०, साक्षि

४. दृष्ट , नंदल वंलाछतोल हर्षसिंह बाबु ॥ सम्वत् ६८२ द्विराषाढनस्तश्रावणवद्धि १० शुभ ॥

(पछाडिपट्टि)

माधवसिंह

— —

यो पत्र पनि १ सङ्ख्याकै पत्रसँग सम्बद्ध छ अर्थात् जग्गा किन्नेले तत्काल पैसा तिर्न नसकी बेच्नेलाई लेखिदिएको भाकापत्र यो हो भन्ने कुरा यसको बेहोराबाट स्पष्ट भएको छ। कुरा के हो भने राजा महेन्द्र मल्लले केलटोलका तीन जना कंसकारहरूलाई बेचेको डेढ रोपनी खेतको मोल चाँदीको ४५ टङ्का तिनीहरूले तत्काल महेन्द्र मल्ललाई बुझाउन नसकेकाले नौ महीनाको ब्याजसमेत बुझाउने कबूल गरी महेन्द्र मल्ललाई त्यही दिनै लेखिदिएको भाकापत्र यो हो। महेन्द्र मल्लले जग्गा बेची लेखिदिएको माथिको राजीनामापत्रमा र महेन्द्र मल्ललाई जग्गा लिनेहरूले लेखिदिएको यस भाकापत्रमा पनि नंदलटोल (आजभोलिको नरःटोल = हाँडिगाउँ) का साक्षी हर्षसिंह बाबु भन्ने बसेकाले उनको रोहबरमा यो सुक्रीबिक्री भएको देखिन्छ। अघिल्लो पत्रमा नव्य भारतीय आर्यभाषाको **चौद्रह** शब्द आए जस्तै यहाँ पनि ४५ लाई बुझाउन **पञ्चचारिस** शब्द आएको कुरा उतिकै चाखलाग्दो छ।

---

६. वि. सं. २०४१ मा प्रकाशित **पूर्णिमा** ६१ अङ्कमा छापिएको महेशराज पन्तको, **गोपालराजवंशावलीमा परेका चारि सय आठ जस्ता शब्दको विषयमा** भन्ने निबन्ध, सो अङ्कका ३, १५–१७ पृष्ठ।

(३ सङ्ख्या)

यस पत्रको मिति ने. सं. ६८६ [ वि. सं. १६२२ ] मार्गकृष्णचतुर्थी छ । मूल ताडपत्र नेपाल राष्ट्रिय अभिलेखालय-मा छ । यसको क्रमसङ्ख्या ७३० हो र यसलाई ५० सङ्ख्याको बट्टामा राखिएको छ । यस पत्रमा तल माथि गरी बायाँपट्टि माथिल्लो छेउमा माटाका, गोला, चारैतिर थोपैथोपा भएका दुइवटा छाप छन् । अघिल्लो छापमा सबभन्दा माथि बीचमा श्री अक्षर छ, त्यस अक्षरको दायाँबायाँ चन्द्र सूर्य छन्, त्यसभन्दा मुनि दायाँ पनि श्री अक्षर, बायाँ पनि श्री अक्षर छन् र सबभन्दा तल्लो भागमा रहेको बसाहामा पर्ने गरी बीचमा त्रिशूल रहेको छ । पछिल्लो छापचाहिँ १ सङ्ख्याको पत्रको जस्तो छ ।

मूलपाठ

१. ॐ शुभ ।। श्रीश्रीजयमहेन्द्रमल्लदेव प्रभु ठाकुरसन , श्रीयग्लभूम्यां मछेपाततोरके , षंण्डचुक यंताछें-गृहाधिवासि , रजिकाल जिवराज प्रसादरपा , स यव षंण्डचुक यंता मूरगृहनामप्रदेसे ।। ग्राहकस्य गृहेन पश्चिमत । गृहाङ्गनेन उत्तरत , । श्रीश्रीराजकुरया , माडया गृहेन पूर्व्वत । जयकेसया गृहेन दक्षिनत । एतेषां मध्ये रथ्यायां पश्चिमगमन , गृह-

२. मण्डरेसिम दक्षिणाभिमुख , दषिनमूरगृहद्वारमेकं , पृष्ठोदर , अग्रोदर पृष्टभूमिका सह , स्वसिमा सह , परिवेष्ठितं , बहिर्द्वारांगन , प्रारसंछन , पूपस्यदिनिका जक्षनिस्थापन , स्वसिमा सह परिभोज्ञं , गहाङ्गतोपि , यंता मूरछे क्वत छि १ रिफु , ह् ङकु रिवि सह , ततगृहस्य यथादेसकार-प्रवत्रपानसंचारार्थेन , शुवर्ण्णमूरमादाय स्वादिनावर्तुकंन्या-

३. यन क्रीबिक्रीन प्रसादारपा जुरों ततपत्राथे दृष्टसाषि नत्तरया हर्षसिं बाबु , सम्वत् ६८६ मग्गशिरकृष्णचतुथ्यायां तिथौ शुभ ।।

राजा महेन्द्र मल्लले काठमाडौँ मछेपात [ मजिपाट ] टोलका जीवराज रजिकाल [ रञ्जितकार ] लाई उनकै घरको पश्चिमतिर रहेको एउटा घर बेची यो राजीनामापत्र गरिदिएको हो ।

(४ सङ्ख्या)

यस पत्रको मिति ने. सं. ६८७ [ वि. सं. १६२४ ] ज्येष्ठशुक्लषष्ठी छ । मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई २१२७/४३ हो । यस पत्रमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको, चारैतिर थोपैथोपा भएको, गोलो छाप छ । यसको छाप, ३ सङ्ख्याको पत्रको अघिल्लो छाप जस्तो छ ।

मूलपाठ

१. ॐ स्वस्ति ।। श्रीश्रीजयमहेन्द्रमल्लदेव प्रभु ठाकुरसन दृष्टसाक्षि जुस्यं प्रसन्न जुया , यंबु केलंतोल , केल मगुलं तापोलछेगृहवास्तव्य , लुताज माहान , पुत्र पंडुचा माहान , छय लुंगु माहान , स्वपति स्वंह्रंस नाम्नेन शुक्रीयं शुवुर्येमानिक०, स एव केलं मगुलं तापोलफले वंताछेगृहवास्तव्य , जितसिंहकस्य , नाम्ना सकासात् थानस्य ईशान्यदिश० फुसमनोबाटिकानामसंज्ञकं ।। मूलमार्गस्य पश्चिमतः जमलमीया वा(टकायामुत्तरतः) श्रीश्रीराज(कुर)-

२. या वाटिकायां , पूर्व्वतः: अशन जीवसिंहकस्य वाटिकायां दक्षिनतः एतेषाम्मध्ये ।। तृयकर्षक०,

तस्यार्द्धभागं ॱ वाटिकाङ्कतोपि ॱ बल कर्ष ३ ख्वतेस बछि १ चेल जुरो० ॱ तत वाटिकायां ॱ यथादेश-कालप्रवर्त्त मानसञ्चाराघेन ॱ सुवर्णमूलमादाय स्वादिनानवतुकंन्यायेन क्रीबिक्रीयतम्भवति ।। तत्रा धारणकस्य ॱ निमितेन जदि शंकृत् व्यावाडपीडा स्यात् तदा धारणकेन परिस्वधनियञ्च ।। प्रते धारणया प्रसा[१]र बव यायेस क्रीबिक्रीन काया जुरो० ॱ तलपतिपो सह

३. जुरो० ॱ श्रेयो ऽस्तु ॱ। सम्वत् ६८७ ज्येष्टमासे शुक्लपक्ष ॱ षष्ठ्याग्तिथौ ।। शुभ ॱ ।।

(पछाडिपट्टि)

१ फुसमनो बलया क्रीपत्र ।।

केलटोलमा बस्ने माहान थरका बाजे बाबु र नाति तीन जना मिलेर केलटोलकै जितासिंह भन्नेलाई आफ्नो तीन कर्ष (पौने एक रोपनी) खेतमध्येबाट आधा भाग बेची गरिदिएको यस राजीनामापत्रमा साक्षी राजा महेन्द्र मल्ल बसेका छन् ।

(५ सङ्ख्या)

यस पत्रको मिति ने. सं. ६९३ [ वि. सं. १६३० ] ज्येष्ठशुक्लत्रयोदशी छ । मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई २१२७/५१ हो । यस पत्रमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको, चारैतिर थोपैथोपा भएको, गोलो छाप छ । यसको छाप पनि ३ सङ्ख्याको पत्रको अघिल्लो छाप जस्तै छ ।

मूलपाठ

१ १ स्वस्ति ।। श्रीश्रीजयमहेन्द्रमल्लदेव प्रभु ठाकुरसन दृष्टसाक्षि जुरयं प्रसन्न जुया यंबु असनतोल क्वारक्वछेंगृहवाष्टव्यउजोतसिंहकस्य नाम्ना सकासातः क्रमिलाछतोल बाहारननि यंताछेंगृहवाष्ट-व्यउतिमकस्य नाम्नेन शुक्रीयं सुत्र[ु]र्यमानिकं: उजुव्वाटनामप्रदेशे ।। श्रीश्रीराजकुरया क्षेत्रेन पश्चिमतो दक्षिनतः

२. ग्राहकया क्षेत्रेन उत्तरतः वंधर्वसिंहया क्षेत्रेन पूर्व्वतः एतषाम्मधे ।। मेकरोपनिक० ॱ तस्यार्द्धभागं क्षेत्राङ्कतोपि बु रोव छि १ ख्वतेस बछि १ धारनया स्वादिकार जुव्व जुरों ततक्षेत्रस्य यथादेस-कालप्रवत्तमानसंचारार्घेन सुवर्ण ओहो टंका पि टंका ४ मूलमादाय स्वादिनानवतुकंन्यायन क्रीबिक्रीयतं भवति ॱ तत्रा धारनक-

३. स्य निमितेन यदि संकृटव्यावाडपीडा स्यात् तदा धारनकेन परिस्वधनियंञ्च । प्रते धारनया रेयि देयि जिके राजपोरेस क्रीबिक्रीन काया जुरों ॱ तलपति मतकाल नया १ सह श्रेयोस्तु ।। सम्वत् ६९३ ज्येष्ठशुक्लः त्रयोदश्यान्तिथौ शुभ ।

असनटोल बस्ने उजोतसिंहलाई क्रमिलाछ (कमलाछी) टोल बस्ने उतिमले आफ्नो १ रोपनीखेतमध्येबाट आधा रोपनी खेत चाँदीको ४ टंका लिई गरिदिएको यस राजीनामापत्रमा साक्षी राजा महेन्द्र मल्ल बसेका छन् ।

---

१. जुन ठाउँमा हुनुपर्ने हो, त्यस ठाउँमा यो पद टुटेकोले तल खाली छोडिरहेको ठाउँमा लेखिएको छ ।

(६ सङ्ख्या)

यो पत्र खण्डित भएकोले यसको मिति देखिँदैन। मूल ताडपत्र, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको क्रमसङ्ख्या ८९० हो र यसलाई ६० सङ्ख्याको बट्टामा राखिएको छ। यस पत्रमा तलमाथि गरी बायाँपट्टि माथिल्लो छेउमा माटाका, चारैतिर थोरैथोरा भएका दुइवटा छाप छन्। यसका दुवै छाप ३ सङ्ख्याका छाप जस्तै छन्।

मूलपाठ

१. ॰ स्वस्ति ।। श्रीश्रीजयमहेन्द्रमल्लदेव प्रभु ठाकुरसन ् श्रीयंबु योतुंवाहार ् कस्मील पतोंलं वन्तागृह-वाष्टव्य ् लुंर्गुसिह बंदे ् स येव कस्मील पतों य...

२. आदिन ् मनि बंदे मभुक्त्र पंतक्वया ् लुंर्गुसिह बंदे ् देवसिह बंदेया साखोनप्रसाखया स्वआयत याङ क्रीबिक्रीन प्रशादारपा जुरो॰ ् भाखा ह्ङा...

३. कुत ् तंका चय तंका ८० दंम २२ दोहोरप॰ ् प्रसादारपा जुरो॰ ् ।। अत्र पत्रार्थे दृष्टसाक्षि महापात्र श्रीशिवसिंहवर्म्मनस ् पात्र श्रीरनजितसिंहवर्म्म (नस) ...

यो पत्र खण्डित भएकोले कुरा स्पष्ट छैन तापनि योतुंबाहार [ इटंबहाल ] का बंदे [ बाँडा ] हरूलाई ८० टंका २२ दंममा खेत बेची राजा महेन्द्र मल्लले यो राजीनामापत्र लेखिदिएको हो कि जस्तो अनुमान हुन्छ।

ने. सं. ६८८ [ वि. सं. १६२५ ] नष्टवैशाखशुक्लतृतीयाको राजीनामापत्रमा जस्तै, यस पत्रमा पनि शिवसिंह वर्मा र रणजित्सिंह वर्मा साक्षी बसेकाले यस पत्रको आसन्न समय पत्ता लाउन केही मात्रामा भए पनि सजिलो भएको छ। ने. सं. ६८८ को, भरखरै माथि चर्चा गरिएको पत्रमा शिवसिंह, रणजित्सिंह दुवैलाई पात्र विशेषण लगाइएको छ।[1] यस पत्रबाट भने शिवसिंह महापात्र भइसकेको र रणजित्सिंहमा चाहिँ पात्र नै विशेषण लगाइएको छ। यताबाट ने. सं. ६८८ नष्टवैशाखशुक्लतृतीयाको लिखतमा पात्र मात्र भएका शिवसिंह यो पत्र हुँदा महापात्र भइसकेका देखिएकोले यो पत्र त्यस मितिभन्दा पछिको हो भन्ने कुरामा सन्देह छैन। यो पत्र महेन्द्र मल्लले गरिदिएको र उनी ने. सं. ६९४ भाद्रशुक्लतृतीयाको दिन परलोक भएकाले[2] यो पत्र त्यस मितिभन्दा पनि परको हुन सक्दैन भन्ने पनि त्यतिकै छर्लङ्ग छ।

□

---

१. पूर्णिमाको यही अङ्कमा छापिएको, महेशराज पन्तको वि. सं. १६२५ को, ताडपत्रमा लेखिएको, काठमाडौंको अहिलेसम्म प्रकाशमा नआएको एउटा राजीनामापत्र भन्ने निबन्ध।

२. वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३८ अङ्कमा छापिएको महेशराज पन्तको महेन्द्र मल्लको विषयमा केही कुरा भन्ने निबन्ध, सो अङ्कका ७८, ८६ पृष्ठ।

# सदाशिव मल्लको पालाको वि. सं. १६३४ को मृगस्थलीको शिलालेख

—महेशराज पन्त

पशुपति मृगस्थलीको पश्चिमपट्टि रहेको महादेवमन्दिरको अगाडि रहेको यस शिलालेखको छापा, नेपाल राष्ट्रिय अभिलेखालयमा ३ सङ्ख्याको बाँधमा, २५ सङ्ख्याको खाममा छ। यस छापाको अभिलेखसङ्ख्या ७६ हो। यस शिलालेखको शिरोभागमा बीचमा त्रिशूल र दायाँबायाँ साढे अङ्कित छन्। यस शिलालेखको लम्बाइ ३२.५ अङ्गुल र चौडाइ १५.२ अङ्गुल छ। वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेड्इईभल् नेपाल् [ मध्यकालको नेपाल ] २ भागको ४५ पृष्ठमा ३ सङ्ख्याको लिखतको रूपमा र वि. सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको कान्तिपुर-शिलालेख-सूचीका ५५–५६ पृष्ठमा यस शिलालेखको केही अंश प्रकाशित भएको छ। मध्यकालको नेपालमा संवत्को अङ्क ६९७ पढिएको छ, जुन अशुद्ध हो।

१. ९ ॐ नमः श्रीम···
२. राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयस-
३. दाशिवमल्लदेवप्रभुठाकुलस्य विजयराज्ये ।। जजमा-
४. न श्रोयंबु ह्लास्कनतोल, – – येताचपडिस चो
५. – – – – धारि – – – पुत्र जितनाथ पुत्र रुद्रनाथ
६. – – – – – – –– स्यं, मृगस्थरिस्थाने, श्री ३–
७. – – – – देवसके गजुडि छाया जुरों, अथ
८. श्रेयोस्तु सम्वत् ६९८ कार्त्तिकमासे कृष्णप-
९. क्षे द्वितीयान्तिथौ, रोहीनिनक्षत्रे परिघ-
१०. योगे जथाकर्ण्णमुहूर्त्ते, सोमवासरे तुल्य-
११. रासिगते सवितरि वृषरासिगते चन्द्रमसि ।।
१२. थ्व कुह्न, गजुडि छाया दिन जुरो। चिंता याक्व
१३. स के स्वानसं दिक्वं, भोंटया जखराम-
१४. – स एव त्वाल, बर्तिरि, संजभारो, थ्व ग-
१५. जुडि छाया, ज्वजमानया जतो सास्त्रयुक्त-
१६. फल सम्प्राप्तो भवतु ।। थ्व लप मे स्व न गजु-
१७. स रार जुरों ।। शुभमस्तु सर्व्वदा ।। शुभ ।।

□

# सदाशिव मल्लका ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ५ वटा लिखतपत्र

(वि. सं. १६३४, १६३६, १६३७)

—महेशराज पन्त

(१ सङ्ख्या)

यस पत्रको मिति ने. सं. ६९७ [ वि. सं. १६३४ ] श्रावणशुक्लनवमी छ । मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई १३८३/१२ हो । ताडपत्र अलिकति च्यातिएकोले छाप देखिँदैन ।

मूलपाठ

**१. ९ स्वस्ति ।। श्रीश्रीजयसदाशिवमल्लदेव प्रभु ठाकुरसन दृष्टसाक्षि जुस्यं प्रसन जुया ॱ श्रीयंबु मखनतोल ॱ लाछ योताछेगृहवास्तव्य ॱ थापितउदयसिंहकस्य ॱ नाम्ना सकासात् : श्रीयंबु थछु तंवलाछतोल ध्वाखाबाहार यंताछे ॱ गृहवास्तव्य ॱ जयामकस्य ॱ नाम्नेन शुक्रीयं शुवर्ण्यमानिकः थानस्य उत्रदिश जिरिष्वाटवाटिकानामसंज्ञकं ।। जिकितसिंहबंदेकस्य बाटिकाया पश्चिमतः इन्द्रयात मेतंगुथिया श्रीङत मंडल-**

**२. गुथिया ॱ उरयमवाटिकाया० ॱ उत्तरतः धारणस वाटिकाया० ॱ पूर्व्वतः अशन वंया लं ॱ मधन भ्रतृसहया ॱ वाटिकायां दक्षिनतः एतेषाम्मध्ये ।। तृय चुलंधिक एककषकःवाटिकाङ्कतोपि बल कष १ चुलं ३ जुरो ।। तत वाटिकाया० ॱ यथादेशकालप्रवर्त्तमानसञ्चाराघेन ॱ सुवर्णमूल्यमादाय स्वादिनानवतुकंन्यायन क्रीबिक्रीयतम्भवति ।। तदा धारणकस्य निमितेन जदि शंकतव्यावाड (पीडा स्यात् त)दा धारणकेन परिस्वधनियंम्च ।। -**

**३. श्रीश्रीराजस धासे - फेट ब्यंङाया गोय ह्म ति दोहारपस क्रीबिक्रीन काया जुरो श्रेयोस्तु ।। सम्वत् ६९७ श्रावणमासे ॱ शुक्लपक्षे नवम्यान्तिथौ ।। वायुव्यकोलि आग्नेयकोलि अस्वपदेन यंकुलिवो येकुलिवो संडपड जुरो ० ।।**

(पछाडिपट्टि बीचमा)

९ **जिरिष्वाट बलया क्रीपत्र ।।**

मखनटोलका उदयसिंह स्थापितलाई तंबलाछेटोलका जयाम (जयराम ?) ले १ कर्ष ३ चुल (जवा) बारी बेची गरिदिएको यस राजीनामापत्रमा साक्षी राजा सदाशिव मल्ल बसेका छन् । **श्रीश्रीराजाको मनाइअनुसार पोको फोएर सुपारी मूठी चढाउन बेचबिखन गर्नुपरेको हो** भनी यस पत्रमा बारी बेच्नुपर्नाको कारण खुलाइएको छ ।

(२ सङ्ख्या)

यस पत्रको मिति ने. सं. ६९९ [ वि. सं. १६३६ ] आषाढशुक्लद्वितीया छ। मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई २१२९/१५ हो। यस प्रकारका अरू धेरैजसो लिखतपत्रहरूमा जस्तै, यसमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको, चारैतिर थोपैथोपा भएको छाप छ। त्यस छापमा सबभन्दा माथि दायाँबायाँ चन्द्रसूर्य, त्यसभन्दा मुनि दायाँ पनि श्री अक्षर, बायाँ पनि श्री अक्षर छ; सबभन्दा मुनि दायाँबायाँ दुइ हात्ती छन् र मध्यभागमा चाहिँ वज्र छ। मूल ताडपत्र दायाँतिर टुप्पोमा अलिकति टुक्रिएकोले यसको पहिलो पङ्क्ति खण्डित भएको छ।

मूलपाठ

**१. ॰ स्वस्ति ।। श्रीश्रीजयसदाशिवमल्लदेव प्रभु ठाकुलसन ˎ श्रीयंगलभूम्यां ˎ मण्डोटोलके ˎ खारध्व वंतागृहवास्तव्य ˎ उह्लाराज भातृसह ˎ प्रसादारपा ˎ स्थानस्य ˎ उत्तरदिशि यकसिनी दिरंक्षेत्रनाम-संज्ञकं ग्राहकस्य क्षेत्रेण ˎ पश्चिमतो ˎ उत्तरतश्च ˎ नारायणसिंहकस्य क्षेत्रेण ˎ पूर्व्वतो ˎ आशरामस्य क्षेत्रेणदक्षि(णत)...**

**२. सार्द्धतृरोपनीकं क्षेत्राङ्कतोपि बु रोव ३ × तत्क्षेत्रस्य यथादेशकालप्रवर्त्तमानसंचारार्घेण सुवर्ण्ण-मूल्य पञ्चनवति टंक ९५ मादाय स्वादिनानवर्त्तकन्यायेन क्रीबिक्रीन प्रसादार जुरों। अत्र पत्रार्थे ˎ दृष्टसाक्षि श्रीशिवसिंहवर्म्मस। सम्वत् ६९९ आषाढमासे ˎ शुक्लपक्षे द्वितीयायां तिथौ शुभ ।।**

मण्डोटोल [ मरुटोल ] का भाइसमेतका उह्ला(स)राजलाई साढे तीन रोपनी खेत ९५ टंकामा बेची राजा सदाशिव मल्लले गरिदिएको यस राजीनामापत्रमा साक्षी शिवसिंह वर्मा बसेका छन्।

(३ सङ्ख्या)

यस पत्रको मिति, ने. सं. ६९९ [ वि. सं. १६३६ ] श्रावणकृष्णचतुर्थी छ। मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई २१२९/२७ हो। यसमा पनि बायाँपट्टि माथिल्लो भागमा माटाको छाप छ र त्यो छाप २ सङ्ख्याको पत्रको जस्तै छ।

मूलपाठ

**१. ॰ स्वस्ति ।। श्रीश्रीजयसदाशिवमल्लदेव प्रभु ठाकुलसन ˎ श्रीयंगलभूम्यां वेकनमुगुडिटोलके नकबाहार खण्डचुकगृहवास्तव्य समरसिंह बंदे प्रसादारपा ˎ स्थानस्य उत्तरदिशि गडबुक्षेत्रनामसंज्ञकं तिरंबंकेन ˎ पश्चिमतो श्रीश्रीराजकुलक्षेत्रेण ˎ उत्तरतो पूर्व्वतो ˎ दक्षिणतश्च ˎ एतेषां मध्ये पञ्चरोपनीकं क्षेत्राङ्कतोपि ˎ बु रोव ५**

**२. तत्क्षेत्रस्य यथादेशकालप्रवर्त्तमानसंचारार्घेण सुवर्ण्णमूल्य सप्तषष्टि टंक ७६[१] मादाय स्वाधिनावर्त्त-कन्यायेन ˎ क्रीबिक्रीन प्रसादारपा जुरों। अत्र पत्रार्थे ˎ दृष्टसाक्षि ˎ श्रीशिवसिंहवर्म्मस ˎ । सम्वत् ६९९ श्रावणमासे कृष्णपक्षे चतुर्थ्यां तिथौ शुभ ।।**

---

१. पहिले लेखेको मेटेर यति अक्षर पछि लेखिएको देखिन्छ।

चेकनमुगुडिटोल [ चिकंमुगलटोल ] नकबहालका समरसिंह बंदे [ बाँडा ] लाई ५ रोपनी जग्गा ७६ टंकामा बेची राजा सदाशिव मल्लले गरिदिएको यस लिखतपत्रमा साक्षी शिवसिंह वर्मा छन् ।

(४ सङ्ख्या)

यस पत्रको मिति, ने. सं. ७०० [ वि. सं. १६३७ ] आषाढशुक्लप्रतिपदा छ । मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई २१२८/२३ हो । यसमा पनि बायाँपट्टि माथिल्लो छेउमा चारैतिर थोपैथोपा भएको, माटाको गोलो छाप छ । त्यस छापमा सबभन्दा माथि श्री अक्षर, त्यस अक्षरको दायाँ-बायाँ चन्द्रसूर्य, त्यसभन्दा मुनि दायाँ पनि श्री अक्षर छ, बायाँ पनि श्री अक्षर छ, सबभन्दा तल्लो भागमा रहेको बसाहामा पर्ने गरी बीचमा त्रिशूल रहेको छ ।

मूलपाठ

**१. ᳲ स्वस्ति ।। श्रीश्रीजयसदाशिवमल्लदेव प्रभु ठाकुरसन ,, दृष्टसाक्षि जुस्यं प्रसन्न जुया ,, श्रीयंबु केलं-तोल ,, केलंमगुलं यंताछेंगृहाद्धिवाशीन कात्सकालजखसिंहभारोकस्य नाम्ना सकासातः श्रीअशनतोल एकाटछेंगृहाद्धिवाशीन , गुणसिंहकस्य नाम्नेन शुक्रीयं शुवुर्न्येमानिक०, थानस्य पूर्व्वदिसं ।। नंदिसार-विथ्यावाटिकानामप्रदेसे ।। देवज्ञ भास्कर भारो ,, वतुवाहार साहासनया तद्वयस वाटिकायां ,, स एव साहास-**

**२. नया वाटिकायां उत्तरतः स्वल्पमार्ग्गेन पूर्व्वतः ग्राहकया क्षातिकायां दक्षिनतः एतेषा मध्ये ।। साद्धाधिकमेककर्षकं वाटिकाङ्कतोपि बल कर्ष १ × ब्वतेस बछि १ धारणस स्वादिकाल जुक्व जुरों , ततवाटिकायां , यथादेशकालप्रवर्त्तमानसव्वाराघेन सुवर्णमूलमादाय स्वादिनानवतुकंयायेन क्रीबिक्रीयतम्भवति ।। तत्रा धारणकस्य निमितेन जडि संक्रुतः व्यावाडपीडा स्यात् ,, तदा धा-**

**३. रणकेन परिस्वधनियश्च प्रदे धारणस ,, लेयि देयि पोले क्रीबिक्रीन काया जुरो , श्रेयोऽस्तु , । सम्वत् ७०० आषाढमासे शुक्लःपक्षे ।। प्रतिपद्यान्तिथौ ।। शुभ ।।**

(पछाडिपट्टि)

**नंदि सार**

**विथ्या**

असनटोलका गुणसिंहले केलटोलका जखसिंह कंसकारलाई डेढ कर्षमध्ये आधा कर्ष खेत बिक्री गरी लेखिदिएको यस राजीनामापत्रमा राजा सदाशिव मल्ल दृष्टसाक्षी बसेका छन् ।

(५ सङ्ख्या)

यस पत्रको मिति ने. सं. ७०१ [ वि. सं. १६३७ ] कार्तिककृष्णत्रयोदशी छ । असन तछेबहालका श्रीधर्मरत्न वज्राचार्यको सौजन्यले मूल ताडपत्रको उतार मैले लिएको हुँ । यस ताडपत्रमा पनि छाप छ तापनि त्यसको बयान नटिपेकोले त्यस विषयमा अहिले केही लेख्न सकिएन ।

मूलपाठ

१. ᳲ स्वस्ति ।। श्रीश्रीजयसदाशिवमल्लदेव प्रभु ठाकुरसन , श्रीयंबु केलं वंखाबाहार मगुलं यंताछें-गृहवास्टव्य कान्सकार लुंगुकस्य प्रसादारपा थानस्य उत्रदिस न्हुतिकोक्षेत्रनामप्रदेशे ।। गुठिया क्षेत्रेन पश्चिमत , क्षत्रेन[1] उत्तरतः क्षेत्रेन[1] , पूर्व्वतः ग्राहकस्य क्षत्रेन०, दक्षिनतश्च ।। एतेषा मध्य सार्द्धाद्धिकमेकरोपनि-

२. कं क्षेत्राङ्कतोपि बु रोव १ × तत क्षेत्रस्य यथादेशकारप्रवर्त्तमानसंचारार्घेन चौबिस ओहो टंका २४ पुष्पार्घमादाय स्वादिनानवतुकन्यायन क्रीबिक्रीन प्रसादारपा जुरों अत्र पत्रार्थे दृष्टसाक्षि पात्र श्रीरनजीतसिंहवर्म्मणस श्रेयोस्तु , । सम्वत् ७०१ कार्त्तिकमासे ।। कृष्णपक्ष त्रयोदश्यान्तिथौ शुभ ।।

केलटोलका लुंगु कंसकारलाई डेढ रोपनी खेत २४ टंकामा बेची राजा सदाशिव मल्लले गरिदिएको यस राजीनामा-पत्रमा साक्षी पात्र रणजित्सिंह वर्मा बसेका छन् । खेतको चार किल्ला खुलाउँदा उत्तरपट्टिको र पूर्वपट्टिको किल्ला नखुलाई मूल ताडपत्रमा ठाउँ खाली राखिएको छ । यस पत्रमा २४ भन्नुपर्दा संस्कृत वा नेवारी शब्द नराखी नव्य भारतीय आर्यभाषाको **चौबीस** शब्द प्रयोग भएकोले नव्य भारतीय आर्यभाषाका संख्यावाचक शब्दको बढी चलनचलती भएको कुराको पुष्टि यताबाट पनि भएको छ ।

□

# राय रत्न र रण मल्लको पालाको सबभन्दा पहिलो लिखत

—महेशराज पन्त

**पञ्चरक्षा, नामसङ्गीति र ग्रहमातृका** यी तीन पुस्तकको ताडपत्रमा लेखिएको एउटा सिङ्गो पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयमा छ । त्यस पुस्तकमा **१९८८ श्रीभीमशमशेर** भन्ने छाप लागेकोले श्री ३ भीमशमशेरले १९८८ मा त्यसको सङ्ग्रह गरेका रहेछन् भन्ने बुझिन्छ । त्यसको रीलसङ्ख्या ई २१२४/८ हो । त्यस पुस्तकको पुष्पिका यस प्रकारको छ–

आर्यग्रहमातृकानाम धारणी समाप्ता ।। ० ।।

ये धर्म्मा हेतुप्रभवा हेतुस्तेषान्तथागतो ह्यवद-
त्तेषाञ्च यो निरोध एवम्वादी महाश्रमणः ।। ।।

देयधर्म्मोयं प्रवरमहायानयायिनः परमोपासकः श्रीकाष्ठमण्डपनगरे श्रीकीर्त्तिपुण्यमहाविहारावस्थितः । शाक्यभिक्षुश्रीउल्लासरम्यचन्द्रस्य तस्य माता पद्मलक्ष्मीनामस्य ।। भार्या हृदयलक्ष्मी पुत्र जीतरम्यचन्द्र पुत्री विजयलक्ष्मी सगणपरिवारस्य यदत्र पुण्यन्तद्भवत्वाचार्योपाध्यायमातापितृपूर्व्वङ्गमं कृत्वा सकल-सत्वराशेरनुत्तरफलावाप्तय इति ।। ।। श्रीमत्श्रीश्रीजयरायमल्लदेवस्य श्रीश्रीजयरत्नमल्लदेवस्य

१. उत्तरपट्टिको र पूर्वपट्टिको चार किल्ला मूल ताडपत्रमा खुलाइएको छैन ।

**श्रीश्रीजयरणमल्लदेव त्रिभयप्रभुठाकुरस्य विजयराज्ये ।। ० ।।**
**सम्वत् ६०३ वैशाखकृष्णत्रयोदस्यान्तिथौ अश्विनीनक्षत्त्रे आयु ।। ।। ष्मान्योगे आदित्यदिने ।।**
**भगवति आर्यपञ्चरक्षापुष्टक ।। श्रीनामसङ्गीति ।। पुस्तक ।। श्रीग्रहमातृकापुस्तक लिखि सम्पूर्ण्णमिति ।।**
**लेखकोयं श्रीसालंषुविहारीयवजाचार्य । श्रीहृदयसेनेनेति ।।**
**यथादृष्टन्तथा लिखितं लेखिको नास्ति दोषक ।**
**यदि शुद्धमशुद्धम्वा शोधनीय महद्बुधैः ।।**

ने. सं. ६०३ [ वि. सं. १६४० ] वैशाखकृष्णत्रयोदशी आदित्यवारको दिन राजा रायमल्ल रत्न मल्ल र रण मल्लको संयुक्त राज्यमा काठमाडौँको कीर्तिपुण्यमहाविहारका उल्लासरम्यचन्द्र शाक्यले सालंखुविहारका हृदयसेन वज्राचार्यलाई **पञ्चरक्षा, नामसङ्गीति** र **ग्रहमातृका**को यो पुस्तक सार्न लाएका थिए भन्ने कुरा यस पुष्पिकाबाट बुझिएको छ ।

ने. सं. ६०२ [ वि. सं. १५३८ ] फाल्गुनशुक्लएकादशीको दिन राजा यक्ष मल्ल परलोक[१] भएपछिको, गद्दीनशीन राजाको नाउँ परेको पहिलो लिखत, अहिलेसम्म ने. सं. ६०५ [ वि. सं. १५४२ ] आश्विनशुक्लद्वितीयाको[२] भइरहेकोमा ने. सं. ६०३ [ वि. सं. १६४० ] वैशाखकृष्णत्रयोदशीको यस लिखतमा गद्दीनशीन राजाको नाउँ परेकोले यक्ष मल्लपछि राजा हुनेहरूको पहिलो लिखत यो हुन गएको छ । प्रकारान्तरले भन्ने हो भने, यक्ष मल्ल परलोक भएको मिति र उनीपछि राजा हुनेहरूको पहिलो लिखतको बीचमा झण्डै तीन वर्ष सात महीनाको अन्तर रहिरहेकोमा ने. सं. ६०३ वैशाखकृष्णत्रयोदशीको यो लिखत फेला पर्न गएकोले अब त्यो अन्तर १४ महीना पन्ध्र दिन जतिको मात्र रहन गएको छ ।

□

---

१. वि, सं. २०४२ मा प्रकाशित पूर्णिमा ६७ अङ्कमा छापिएको, महेशराज पन्तको **यक्ष मल्लले गरिदिएका दुइवटा ताडपत्र** भन्ने निबन्ध, सो अङ्कका ४२–४३ पृष्ठ ।

२. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको **मेड्ईभल् नेपाल्** [ मध्यकालको नेपाल ] १ भागका ४५४–४५५ पृष्ठ, २ सङ्ख्याको लिखत ।

डिल्लीरमण रेग्मीको **मध्यकालको नेपालमा**

याज् द डक्युमन्ट् अफ् द अर्लिएस्ट् डेट् अफ् दिस् पिर्इअड् वी ह्याभ् ए कप्अर्–प्लेट् इन्स्क्रिप्शन् (गोरखनाथ'ज् टेम्पल् , काठ्मान्डु) ह्विच् शोज् द्याट् रत्नमल्ल यान्ड् अरिमल्ल वेर् जइन्ट् रूल्-अर्ज् इन् काठ्मान्डू अन् एन्एस् ६०५ *आश्विन शुक्ल चतुर्थी* ।

(उही पुस्तकको ४५४ पृष्ठ)

[ यस अवधिको सबभन्दा पहिलो लिखतको रूपमा एउटा ताम्रपत्र (काठमाडौँको गोरखनाथको मन्दिरको) हामीसँग छ । रत्न मल्ल र अरि मल्ल ने. सं. ६०५ आश्विनशुक्लचतुर्थीको दिन काठमाडौँमा संयुक्त शासक थिए भन्ने त्यसले देखाउँछ ]

भन्ने लेखी त्यस अवधिको पहिलो लिखतको रूपमा ने. सं. ६०५ आश्विनशुक्लचतुर्थी मङ्गलवारको लिखतलाई राखी त्यसपछि मात्र ने. सं. ६०५ आश्विनशुक्लद्वितीया आदित्यवारको लिखतलाई राखिएको छ । दुइ दिन अगाडिको लिखतलाई दोस्रो लिखतको रूपमा र दुइदिनपछाडिको लिखतलाई पहिलो लिखतको रूपमा राखिएकोले पाठकलाई भ्रम पर्न गएको छ भनी भनिरहनुपर्दैन ।

# शिवसिंह र रणजित्सिंहको पालाको वि. सं. १६३९ को गोकर्णको शिलालेख

–महेशराज पन्त

गोकर्णेश्वरस्थानको सानो मन्दिरनिरको सानो मन्दिरको यस शिलालेखको छापा, नेपाल राष्ट्रिय अभिलेखालयमा ३ सङ्ख्याको बाँधमा, २६ सङ्ख्याको खाममा छ। यस छापाको अभिलेख सङ्ख्या ७७ हो। यस शिलालेखको शिरोभागमा शिवलिङ्ग अङ्कित छ। यस शिलालेखको लम्बाइ २० अङ्गुल र चौडाइ ११.३ अङ्गुल छ।

वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेड्इईभल् नेपाल् [ मध्यकालको नेपाल ] २ भागको ५४ पृष्ठमा र वि. सं. २०२७ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा-मन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको कान्तिपुर–शिलालेख–सूचीको ५६ पृष्ठमा यस शिलालेखको केही अंश छापिएको छ। वि. सं. २०२४ मा काठमाडौंबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको मेड्इईभल् नेपाल् ४ भागका ३४–३५ पृष्ठमा २४ सङ्ख्याको अभिलेखको रूपमा छापिए तापनि छापाबाट बढी पढी पाठ यहाँ दिइएको छ। यसो भए तापनि छापा त्यति सफा नभएकोले अभिलेखको पाठ अविकल रूपमा उतार्न सकिएको छैन।

१. ॰ ॐ नमो शिवाय ।। अद्य ब्रह्मणो द्वितियपरा-
२. र्द्धे शेतवालाहकल्पे ‸ वैवश्वतमन्वन्तरे द्वा-
३. विशतितमस्य ‸ चतुजुगस्य प्रकलरे ‸ प्रथ-
४. मपादे जाम्बुद्विपे हेमद्क्षिनपादे ‸ नेपा-
५. लमण्डरे ‸ श्री ३ पशुपतिसन्निधाने ‸ वासुकी-
६. क्षेत्रे वाग्मत्यायां पछिमकुरे ‸‸ विष्णुम-
७. त्यायां पूर्व्वकुरे॰ ‸ एते स्थाने॰ ‸ श्रीकाष्टमन्दप-
८. नगरे ‸ श्री ३ लाछकेशवभट्टारकस्य ‸ अद्य मा-
९. घमास्य ‸ शुक्लपक्षे ‸ पंचम्यायां तिथौ ‸ रेवतिनक्षे-
१०. त्रे ‸ सिद्धिजोगे जथाकर्ण्णमुहुत्रे शुक्रवाशरे ‸ म-
११. कराशिगते सवितरि ‸ मिनराशिगते चंद्र-
१२. मशि ।। स्वस्ति ।। श्रीश्रीजयशिवसिंहदेव ‸ श्रीश्री-
१३. जयरणजितसिंहदेव ‸‸ उभय प्रभु ठाकुरस ‸
१४. विजयराज्ये ‸‸ श्री ३ गोकर्ण्णेश्वर ‸‸ श्वथ तुलिमस ‸
१५. मे – – न्हुतिह्म ‸ – बुकछे ‸ गोपिराम भारोन शु-

१६· वर्णकलश ध्वजारोहन ् जज्ञपतिस्था संपूर्ण्ण
१७. – – – – – – त निमितेन जोजमान – – –
१८. शास्त्रोक्तफल सम्प्राप्ता भवंतु ।। – – – –
१९. श्री – – – – तस्य जज्ञकर्म्म याक – – यो
२०. – स्तु ।। सम्वत् ७०३ माघशुक्लपंचम्यायां तिथौ
२१. शुक्रवासरे शुभमस्तु जगत् मङ्गलं शुभ ।।
२२. गोपिराम भारो
२३. वाहार जितसिंह भारो ् दिवंगत-
२४. जाज सकिराज भारो ।। ० ।।

□

# शिवसिंहका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका तीनवटा लिखतपत्र

(वि. सं. १६३९, १६४०, १६४१)

—महेशराज पन्त

(१ सङ्ख्या)

यस पत्रको मिति, ने. सं. ७०२ [ वि. सं. १६३९ ] आश्विनकृष्णदशमी छ । मूल ताडपत्र नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको क्रमसङ्ख्या ८६२ हो र यसलाई ५७ सङ्ख्याको बट्टामा राखिएको छ। मूल ताडपत्रको माइक्रोफिलम पनि नेपाल राष्ट्रिय अभिलेखालयमा छ र यसको रीलसङ्ख्या ई १५३४/४५ हो। यस ताडपत्रमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको, चारैतिर थोरैथोपा भएको, गोलो छाप छ। त्यस छापमा सबभन्दा माथि बीचमा श्री अक्षर, त्यस अक्षरको दायाँबायाँ चन्द्रसूर्य, त्यसभन्दा मुनि दायाँ पनि श्री अक्षर, बायाँ पनि श्री अक्षर छ, सबभन्दा तल्लो भागमा रहेको बसाहामा पर्ने गरी बीचमा त्रिशूल रहेको छ।

मूलपाठ

१. ९ स्वस्ति ।। श्रीश्रीजयशिवसिंहदेव प्रभु ठाकुलसन दुष्टशाक्षि जुस्यं प्रसन्न जुया जुरो ् श्रेयोऽस्तु ।। सम्वत् ७०२ अश्वणीकृष्णदसंम्यायां तिथौ श्रीकाष्टमन्डपनगरे कवम्वतलको क्वाठबाहार हाकुकस्य नाम्नेनकेण स्वकीयं स्वभुज्यमानिकं तत्रेव चैत्रमकुत्यायां नकबाहारछे जर्खसिंह

बंदेया नाम्नानकस्य सकासे थानस्य उत्रदिस बडगाडबुक्षेत्रनामप्रदेशे गुथिया क्षेत्रेन पछिमत श्रीश्रीराज-

२. या क्षेत्रेन उत्तरतो दक्षिनत प्रपाटशिमायां पूर्व्वत एत्तमधे चत्रुरोपनिकं जत्रक्षेत्रं अंके च बु री ४ जुरों स जथादेसकालप्रवतमानेन संचाराघेंन क्रेन बिक्रीयतं अत परं पश्चात्कारे तदिय पुत्रपौत्रादिते पिदा बाधा कर्तुं कारेतुं च न लभेते तत्र जदि पिदा स्यात्तदा धार्ण्णकेण पलिस्वधनियं प्रति धारनस प्रसार वय यायस क्रेन बिक्रीन काया जुरो शुभ ।।

(पछाडिपट्टि)

१. ९ थव बुया भर्ण्णं पियच्या तंका ४८ थ्वते अंकं बिस्यं सर्व्वं स्वधान धुंव बडगाडबुया क्रीपत्र शुभ ।।

काठमाडौँ क्वठबहारका हाकुले नकबहारका जर्खसिह बंदे [ बाँडा ] लाई ४८ टङ्कामा चार रोपनी खेत बेची गरिदिएको यस लिखतपत्रमा साक्षी राजा शिवसिंह बसेका छन् ।

(२ सङख्या)

यस पत्रको मिति ने. सं. ७०४ [ वि. सं. १६४० ] चैत्रशुक्लपञ्चमी छ । मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई १३८४/१० हो । यस ताडपत्रमा पनि छाप भए तापनि माइक्रोफिलमको आधारमा छापको विवरण दिन सकिँदैन ।

मूलपाठ

१. ९ स्वस्ति ।। श्रीश्रीजयशिवसिंहदेव प्रभु थाकुरसन श्रीयंगल क्वबोटोलपस्थान चोछेगृहवास्तव्य पन्दुनाम्ने प्रसादिकृतं स्थानस्य उत्तरदिसि प्रदेशे निम्लगुंक्वक्षेत्रनामसंज्ञक प्रपातसिमाया पश्चिमतो पूर्व्वतो श्रीश्रीराजकुरक्षेत्रेन उत्तरतो दक्षिनतश्च एतेषां मधे षट्रोपनिक क्षेत्राङ्कतोपि बु रो ६ ततक्षेत्रस्य यथादेशकारप्रवत्तमानसंचाराघेन शुवर्ण्णमूल्य

२. पञ्चत्रिंशति टंक ३५ मादाय स्वादिनानवत्तकन्यायेन क्रियबिक्रीयन प्रसादारपा जुरो ।। अत्र पत्राथे दृष्टसाक्षि श्रीश्रीहरिहरसिंहदेवस ।। संवत् ७०४ चैत्रशुद्धि ५ शुभ ।।

(ठूलो टाँकामा)

३ ९ बु छायाया टंका ४ दु काया शुभं ।।

काठमाडौँको उत्तरी भागमा पर्ने क्वंबोटोल बस्ने पंदु भन्नेलाई ६ रोपनी खेत ३५ टंकामा बेची राजा शिवसिंहले गरिदिएको यस राजीनामापत्रमा साक्षी हरिहरसिंह बसेका छन् ।

(३ सङख्या)

यस पत्रको मिति, ने. सं. ७०५ [ वि. सं. १६४२ ] भाद्रशुक्लपञ्चमी छ । मूल ताडपत्रको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा छ र यसको रीलसङ्ख्या ई २१२९/३१ हो । यस ताडपत्रमा पनि बायाँपट्टि छेउमा माटाको, चारैतिर थोप्रैथोपा भएको गोलो छाप छ । छत्रले छोपिएको खड्ग छापको बीचमा छ । त्यसको दायाँ पनि बायाँ पनि श्री अक्षर छ । तलतिर सिंह अङ्कित छ ।

मूलपाठ

१. ᳬ स्वस्ति ।। श्रीश्रीजयशिवसिंहदेव प्रभु थाकुरसन श्रीयंबु तमराछेटोलके खातबाहार ढोहवारतस्य-
पन्दुमराजनाम्ने प्रसादिकृतं स्थानस्य उत्तरदिसि प्रदेशे बशिषक्षेत्रनामसंज्ञकं क्षेत्रसिमायां पश्चिमतो
प्रपातसिमायां दुत्तरतो खुद्या पूव्वतो श्रीश्रीराजकुरक्षेत्रेन पाश्चनतो एतेषां मध्य अस्तरोपनिक
क्षेत्राङ्कुतोपि बु रो ८ तत्क्षेत्रस्य यथादेश-

२. कालप्रव्वत्तमानसंचारार्घेन सुवण्णमूल्य चतुचारिस टंक ४४ मादाय स्वादिनानवतुकन्यायेन
क्रियबिक्रीयन प्रसादारपा जुरो ।। अत्र पत्राथे दृष्टसाक्षि श्रीश्रीहरिहरसिंहदेवस ।। सम्वत् ७०५
भान्दवशुद्धि ५ शुभ ।।

३. ᳬ थव बु छायाया टं ५ दं काया शुभ ।। भुय बु छाया टंका १० शु १ दं काया जुरो ।।[1]

काठमाडौँको दक्षिणी भागको तमराछेटोलको खातबहारमा बस्ने पन्दुमराजलाई आठ रोपनी खेत ४४ टंकामा बेची राजा शिवसिंहले गरिदिएको यस राजीनामापत्रमा साक्षी हरिहरसिंह बसेका छन् । यस पत्रमा ४४ लाई बुझाउन **चतुचारिस** लेखिएकोले दशस्थानी अङ्कलाई नव्य भारतीय आर्यभाषाको **चारिस** शब्दले बुझाएको स्पष्ट छ ।

□

# शिवसिंहको पालाको वि. सं. १६४५ को हाँडिगाउँको शिलालेख

—महेशराज पन्त

हाँडिगाउँको ढुङ्गेधाराको पाटीको यस शिलालेखको छापा, नेपाल राष्ट्रिय अभिलेखालयमा ३ सङ्ख्याको बाँधमा, २७ सङ्ख्याको खाममा छ । यस छापाको अभिलेखसङ्ख्या ७८ हो । यस शिलालेखको शिरोभागमा शिवलिङ्ग अङ्कित छ । यस शिलाखेखको लम्बाइ १२.७ अङ्गुल र चौडाइ ८.७ अङ्गुल छ ।

वि. सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको **कान्तिपुर–शिलालेख–सूची**को ५७ पृष्ठमा यस शिलालेखको केही अंश प्रकाशित भएको छ ।

मूलपाठ

१. ᳬ ॐ नमः शिवाय देवाय नम ।। राजाधिराज–
२. श्रीश्रीजयशिवसिंहदेव प्रभु ठाकुरस बिज-

---

१. तेस्रो पङक्ति पूरै पछि थपेको देखिन्छ ।

३. यराज्य ॱ ज्वजमान श्रीनंदल हतमं भाओ भूखाछे प्र-
४. जापति जिकेश भार्य्या तेजु ॱ पुत्र रूपराज भा-
५. र्य्या चिकुति ॱ पुत्र रूपसिंह थ्वतेस्यं किराचो
६. यिति डायका ॱ वि दुता स एव किरातचो ना
७. भि वोब ॱ बु रोव ५ × वल वंत ङ जुरो सवल
८. जोर बल ऋख पि ४ मनोदार बल चुल न-
९. सि २ जुरो ॱ ब्रखं प्रते थ्वते बु बलया वा-
१०. ससन ॱ श्रीगोकर्ण्णयात ॱ गोकर्ण्णस
११. ज्वजमानस नामन ॱ मंदपस्य यञ्जमा-
१२. ल. गुनिपुनिसिन ॱ गोमाता ङह्ल ५
१३. सा छो नकेमाल ॱ थ्व पुनिसिनं ॱ हाथ्व हा-
१४. यकेमाल जुरो थ्व दत्त रोप मतेव ॱ
१५. रोप याकाले ॱ पञ्च माहापातक ला-
१६. क्व ॱ रोप मयास्य अनिग्रह उतोत्र जु-
१७. रो . सम्वत् ७०९ श्रावणमासे कृष्णप-
१८. क्ष ॱ अमावाश्यान्तिथौ ।। ङा ५ – – –
१९. नेक जिक तेज ॱ रूपसिंह ॱ थ्वतेन – –
२०. श्री ३ भिमनारायनस...
२१. ...

□

# रणजित्‌सिंहका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका दुइवटा लिखतपत्र

(वि. सं. १६३९, १६४६)

– महेशराज पन्त

(१ सङ्ख्या)

यस पत्रको मिति, ने. सं. ७०३ [ वि. सं. १६३९ ] मार्गशुक्लदशमी छ। मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई ६७०।१७ हो। ताडपत्र ठाउँठाउँमा फाटेकोले पाठ अलि खण्डित भएको छ। म इक्रोफिलममा छाप देखिँदैन।

मूलपाठ

१. स्वस्ति ।। श्रीश्रीजयरणजितसिंहदेव प्रभु ठाकुरसन ˎˎ (श्रीयं)बू अशनतोल वंथछेगृहवास्तव्य जय × सिंह बंदे प्रसादारपा ˎˎ स एव वंथबाहार ननि यंतागृहनामसंज्ञक०ˎ मार्ग्गेन ˎˎ श्रीश्रीराजकूरया गृहेन पश्चिमतः गृहाङ्गनेन उत्तरतः ग्राहाकया गृहेन पूर्व्वतः ˎˎ ग्राहाक ˎˎ विभु वंदेया... भूमिकायां दक्षिनतः एतेषा मध्ये ।। × × ... ˎ टन दुं वंथबाहार ननि यंताछे... चुलं छि १ × × × स्वं चुलं ३ सह जुरो ।।

२. ततगृहस्य यथादेशकालप्रवत्तमानसञ्चारार्घन च(रि)स औहो टंका पिय ४० पुष्पार्घमादाय स्वादिनानवतुकंन्यायेन क्रीबिक्रीन प्रसादारपा जुरो ˎˎ अत पत्रार्थे दृष्टसाक्षि श्रीरणजयसिंहदेवस ।। श्रेयोऽस्तु । सम्वत् ७०३ मार्ग्गसिरमासे शुक्लपक्षे ।। दसम्यान्तिथौ ।। शुभ ।।

असनटोलमा बस्ने एक जना बाँडालाई ४० रुपियाँमा खेत बेची राजा रणजित्सिंहले गरिदिएको यस राजीनामापत्रमा साक्षी रणजयसिंह बसेका छन् । लेख खण्डित भएकोले खेतको परिमाण राम्रोसँग बुझ्न सकिँदैन ।

(२ सङ्ख्या)

यस पत्रको मिति, ने. सं. ७१० [ वि. सं. १६४६ ] कार्तिकशुक्लद्वादशी छ । मूल ताडपत्रको माइक्रोफिलम, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई २१२९।४ हो। यसमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको, चारैतिर थोपैथोपा भएको गोलो छाप छ । सबभन्दा माथि खड्ग छ । त्यो अलिकति टुक्रिएको छ। त्यस खड्गको दायाँ पनि बायाँ पनि श्री अक्षर छ । तल्लो भागमा सिंह छ ।

मूलपाठ

१. ॐ स्वस्ति ।। श्रीश्रीजयरणजीतसिंहदेव प्रभु ठाकुलसन ˎ श्रीयंग्लभूमौ बहिरिराछेटोलके क्वथबहिरिछें ˎ गृहवास्तव्य ˎ लुंगुसिंह बंन्देनाम्ने प्रसादीकृतं ˎ स्थानस्य उत्तरदिशि प्रदेशे ˎ ह्लपचोक्वक्षेत्रनामसंज्ञकं ˎ तिलंबकेन पश्चिमतो[1] श्रीश्रीराजकुलक्षेत्रेन उत्तरतो पूर्व्वतश्च मुकुनकस्य क्षेत्रेन दक्षिनतो एतेषां मध्ये ˎ षटरोपनीकं ˎ क्षेत्राङ्कतोपि रोव ६ तत-

२. क्षेत्रस्य यथादेशकालप्रवर्त्तमानसंचारार्घेन सुवर्णमूल्य ˎ षटचत्वारिशति टंक ४६ मादाय स्वाधिनानवर्त्तकन्यायेन क्रयेन वि[2]क्रीयेतं भवति ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्रीरनजयसिंहदेवस ।। सम्वत् ७१० कार्तिकशुद्धि १२ शुभ ।। ˎ

काठमाडौँको उत्तरी भागको बहिरिराछेटोलमा बस्ने लुंगुसिंह बंदे [ बाँडा ] लाई ४६ टंकामा ६ रोपनी खेत बेची राजा रणजित्सिंहले गरिदिएको यस राजीनामापत्रमा साक्षी रणजयसिंह नै बसेका छन् ।

□

---

१. यति अक्षर मेटेर फेरि लेखेको ।

२. माथि छुटेर तल खाली ठाउँमा थपेको ।

# लक्ष्मीपति पाँडेको जग्गाको साँधको विषयमा उठेको झगडाको निराकरण गर्न लेखिएका दुइ अप्रकाशित पत्र

—दिनेशराज पन्त

(१ सङ्ख्या)

स्वस्ति श्रीकाजि शिवनारायण षत्री श्रीजगजितपाँडेकस्य लिषापत्रम्————

आगे भिर्पानीका उमरा औ रेग्मी लटौला गतौला रिजाल बिनाडीप्रति.

षरिदार लक्ष्मीपति पाँडेका पुराणा बृत्ता षेतको र डिहिको उमराका जागिर षेतको सांधमा कचपच पर्न गयाको रहेछ. तस्कारण तिमीहरू थरी ब्राह्मण बुढापाका मानिस् जाइ पुरानु जस्तो हो. तस्तो पर झगरा नपर्न्या सोझो सभले जान्न् गरी फर्छा गरिदेउ.

इति सम्वत् १८४७ साल श्रावणशुदि १४ रोज २ शुभम्————

(२ सङ्ख्या)

स्वस्ति श्रीसंवत् १८४७ साल मिति भाद्रवदि ५ रोज १ का दिन उमाराका जागीरको र षरीदार लक्ष्मीपति पाँडेका पुराना बृत्ताको साधमा तकार परेछ. तसर्थ तिमिहरू बसी साधको फर्छा गरीदेउ भंन्या श्रीकाजीसाहेबको दशषत आउँदा भीर्पानीब्यासीमा जम्मा भयाका भला मानिस्को तपसील्————

| | | | |
|---|---|---|---|
| उमरा बाक्सो थापा— | १ | षर्दारका मानिस् | |
| थरी | | लक्ष्मीधर पाँडे— | १ |
| नरहरि पाध्या गतौला— | १ | व्याशदेउ लामीछान्या — | १ |
| बलि पाध्या बिडारी— | १ | बृत्ताका | |
| पदं पाध्या रिजाल— | १ | मेघवर्ण थापा— | १ |
| रामा(न)न्द जोसि रेग्मी— | १ | सबलनाथ योगी— | १ |
| भला मानिस् | | सुकदेव पाध्या रिजाल्— | १ |
| गंगाधर लटौला— | १ | गजाधर बिडारी— | १ |
| दिनानाथ जोसि— | १ | | |
| अतिबल बस्न्यात— | १ | | |

यस्कचहरिमा ठहऱ्याको श्रीपाटनका राजाले भीर्पानिका अंबलमध्ये पाँडेलाइ दियाका बृत्ताबितलप् साधको तपसील्—
भीर्पानिब्यासि षेतमध्ये मुहान षेत छ बिस—· १२०

यस्को साध पूर्व महेस् षोलो दक्षिण महेस षोलो पश्चिम रैंकर षेतको आली उत्तर नौबिस्याटारको कुलो डिहिको साध पूर्व महेस षोलो दक्षिण रैंकर बारीको सिउड्बार पश्चिम रेग्मीको सांधको सिउड्बार उत्तर मूल बाटो सिकर घडयारि षजुरीचौर तस्को साध

पूर्व चितापानि षोलसी दक्षिण हर्रा भंज्याङ पश्चिम मूलपानि उत्तर कोटको मूल बाटो

एति चार कोलाभित्रको जगा पांडेको षेत डिहि घडयारी बृताबितलप् हो. जाहांबाहिक् सब उमराको हो भन्या ठह्ऱ्यो ________

शुभम्

इ कागत ३ लेषी १ श्रीकाजीलाइ चऱ्हाइ पठाञु. १ उमरालाई १ षरीदारलाई दिञ्यूं. शुभम्

(धादिङमालकार्यालयमा रहेको नकलबाट यी २ पत्र वि. सं. २०३७ मार्गमा सङ्ग्रह गरिएका हुन् । प्यूखाका मेहनाथ पांडे, बागबजारका त्रिपुरानाथ पांडे, प्यूखाका खगेन्द्रवल्लभ पन्त, ठमेलका कुलराज पन्त, भीमसेनथानका वासुदेव पाँडे, भीमसेनथानका विक्रमबहादुर पाँडे, ठमेलका दानरत्नाकर पाँडे र भुराङखेलका रामभक्त पन्तले वि. सं. १९९६ आश्विनमा चढाएको दर्खास्तमा यी पत्रका नकल नत्थी गरिएका छन् ।)

□

# लक्ष्मीपति पाँडेलाई कर माफी गरी लेखिदिइएको अप्रकाशित पत्र

—दिनेशराज पन्त

(श्री ५ रणबहादुरको प्रशस्ति)

आगे लक्ष्मीपति पाँडेके तम्रा बृताभरिमा गादीममारष् चुमावन गोडधुवा उधावनी पघावनी कारा बेठबेगार हुलाका छाला ओलक छापो छिपि चौधराइ मिझारी रकम्कलम सब माफ गरिबक्स्यौं. हाम्रा जय मनाइ सर्बांक माफ जानी भोग्य गर.

इति सम्वत् १८५२ साल वैशाखसुदि ३ रोज २ शुभम्________

(पछिल्तिर)

मार्फत अभीमानसिं

रुजु त्रिभुवन्

(धादिङमालकार्यालयमा रहेको नकलबाट वि. सं. २०३७ मार्गमा यो पत्र सङ्ग्रह गरिएको हो । मेहनाथ पाँडे, त्रिपुरानाथ पाँडे, खगेन्द्रवल्लभ पन्त, कुलराज पन्त, वासुदेव पाँडे, विक्रमबहादुर पाँडे, दानरत्नाकर पाँडे र रामभक्त पन्तले चढाएको दर्खास्तमा यस पत्रको नकल नत्थी गरिएको छ । )

□

# लक्ष्मीपति पाँडेको जग्गाको दस्तूर लिई गरिदिइएको अप्रकाशित पत्र

—दिनेशराज पन्त

लक्ष्मीपति पाडे षर्दारको भिर्पानिब्यासिको बृत्ता षेत ३ को र डिहि घऱ्याडिमा गांव ब्यासि गरि बिज जाऱ्या मुरि २ को तावापत्रबापत असुल त्यइस् रुपैया आठ आना २३।।) दाषिल तहबिल अनिरुद्ध उपाध्या.
इति संवत् १८५७ साल मिति वैशाषवदि २ रोज ६ मोकाम नुवाकोट शुभम्—

(छेउमा)

चलन् फुक्यो. षेतको चलं गर. अमालिले ढुंगो झिकिदेउ.

(धादिङमालकार्यालयमा रहेको नकलबाट वि. सं. २०३७ मार्गमा यो पत्र सङ्ग्रह गरिएको हो। मेरुनाथ पाँडे, त्रिपुरानाथ पाँडे, खगेन्द्रवल्लभ पन्त, कुलराज पन्त, वासुदेव पाँडे, विक्रमबहादुर पाँडे, दानरत्नाकर पाँडे र रामभक्त पन्तले चढाएको दर्खास्तमा यस पत्रको नकल नत्थी गरिएको छ।)

□

# श्री ५ राजेन्द्रबाट लक्ष्मीपति पाँडेको नाममा भएको अप्रकाशित ताम्रपत्र

—दिनेशराज पन्त

श्रीः
१

श्रीमछीन्द्रनाथ ३ — श्रीजेठाबज्याज्यू १

श्री ५ बुबाज्यू
२

श्रीदुर्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानमानोन्नतश्रीमन्महाराजाधि-राजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादू-

२. रसम्सेर्जङ्गदेवानां सदा समरविजयीनाम् – – – – – – – – – – – – – – – – – – – – – – – – – – – – – – – – – –

३. आगे लक्ष्मीपति पांडेके सम्वत् १८६३ साल मिती वैशाखसुदि १५ रोज ६ का दिन – – १ – – बाट सति हुनु-हुदा संकल्प भयाका षेतमध्ये प्राणनाथ पांडेके षेत मु-

४. री ।५० औ सम्वत १८६५ साल मिती वैशाखसुदि ११ रोज ६ का दिन – – २ – – का बिवाहमा संकल्प भयाका षेतमध्ये नीजके षेत मुरी ।५० औ सम्वत् १८७५ सा-

५. ल मिती पौषसुदि ३ रोज ४ का दिन षट्ग्रहसांन्तिमा हाम्रा बाहुलीबाट संकल्प भयाका षेतमध्ये लीलानाथ पांडेके षेत १। ई तीनै पटकका संकल्पको ज्मा

६. षेत २१० तस्को सरहबमोजीमको घडचारीस्मेत प्रायश्चीत सर्कार राषी बीवाहव्रतबन्धको वलक गादीममारष चूमावन गोडधुवा आपना हातले सर्कार चऱ्हा-

७. ऊनु गरी सर्वाङ्ग मारी मेठी कुशबिर्त्ताबितलप गरीबक्स्यौं. चापागाऊका अम्बल नषुका तीरको पडष्बाटको पुछार पानीषेतको साटो बाक्ो बगर दिंदा अठाइ-

८. स रोपनीका दरले षेत मुरी ।७१।८।४ को बाक्ो बगर मुरी ।८० तस्को सांध पूर्व नषु षोलो लुहकील दक्षिण रैकर कांल्हाको साध लुहकोल पश्चिम – –

९. – ३ – का न्हवगुठिको आलो र रैकर आलीका सांध लुहकोल ऊत्तर – ३ – – का न्हवगुठिका आली र नषु षोला सांध लुहकील औ इकुचुपासी बुगा-

१०. ल नषु बगर रोपनी अठाइसका दरले षेत मुरी ।२३।४।४ को बगर षेत मुरी ।२६ तस्को सांध पूर्व रैकर आलीको सांध लुहकील दक्षिण नषु षोलाको सां-

११. ध लुहकील पश्चिम नषु षोला र गजाधर पाध्याका बिर्त्ताको सांध लुहकील ऊत्तर गजाधर पाध्याका बिर्त्ताको र रैकर आलीको सांध लुहकील ईटाष्बाट नषु

१२. बगर रोपनी अठाईस्का दरले षेत मुरी ।४२।१६ बाक्ो बगर षेत मुरी ।४८ तस्को सांध पूर्व नषु षोलाको सांध लुहकील दक्षिण प्रजाका सुनाषेतका पाषा-

१३. को सांध लुहकील पश्चिम प्रजाका सुनापाषाको सांध लुहकील ऊत्तर नषु षोलाको सांध लुहकील औ दहचोकका अम्बलमध्ये भडारीटार बाक्ो षेत मु-

१४. री ।६२।११ अंजनमध्ये घडचारी बाक्ो मुरी ।५६ ज्मा घडचारीस्मेत बाक्ो षेत १।१८।११ तस्को सांध पूर्व रैकर सांध लुहकील दक्षिण रैकर सांध लुहकी-

१५. ल पश्चिम रैकर सांध लुहकील ऊत्तर रैकर सांध लुहकील. एती सबै सिमानाभीत्र बाक्ो बगर षेत दुई मुरी सोऱ्ह पाथी एगाऱ्ह घडचारी मुरी छपन्न बि-

१६. र्त्ताबीतलप जानी संन्तानपर्य्यंत परम सुषभोग्य गर. यो बिर्त्ता संकल्प हुंदा संकल्पवाक्य पऱ्हन्या प्रोहीत यदुनाथ पंडित अर्ज्याल् पानी हाल्न्या

१७. श्रीकाजी भीमसेन थापा काजी बषतवारसिंह थापा सांध लाऊन्या सर्धियार मेघनाथ पाडे लक्ष्मीदत्त अर्ज्याल् गोकुल षनाल मोदनाथ अर्ज्याल हरि-

१८. वंश बोहरा चापागाऊको द्वाऱ्या मस्तराम द्वाऱ्या वर्षसिं प्रधान सिकुच्या प्रधान धनसिं रघुर थापा

तंलाछेटोलको डगोलनाईक्या धनवन्त बह्मंटोल(को) डगो-
१९. लनाईक्या षटन वबाहाटोलको मटचां डगोल मोहिनाइक्या हरिनन्द मजाकटोलको डगोल नेवर्सि दहचोकको द्वाऱ्याबाट आयाको सिव महाऱ्या थरी का-
२०. लु पांध्या वाग्ल्या बृहस्पति बिडारी हरिकृष्ण पोख्याल पिताम्बर लोहनी लक्ष्मीनारांन् षकुराल कालु पोषऱ्याल जया मीक्षार देऊरालीका राघु बराकोटी डिल्लीरा-
२१. म षकुराल विदु(र) षकुराल राजाराम इटनी गंगाधर षकुराल बलभद्र षकुराल सिवनारांन् षकुराल पुरंधर षकुराल ऊमाकान्त षकुराल चामु जैसी सेलुवाल
२२. संवर पांडे जगन्नाथ कडयाल रणसुर षट्का रामहृदय षकुराल रामचन्द्र पौडयाल कविराज षट्का विचार्सि मीक्षार वार्नसि लामा कालु लामा देऊर्सि लामा र-
२३. र्णसि लामा वन्न घले विष्णुवल्लभ कडयाल छविलाल कडयाल रामु पाडे. बिर्त्तवारले किल्लाभन्दा अर्घ्यालो नत्रायनु. विनातक्सीर जबद नगर्नु. जो एस बन्देजमा
२४. रहैन. सो एस श्लोकमा भन्याको पातकी होला. स्वदत्तां परदत्तांम्वा यो हरेद्वँ वसुंधराम. षष्टिवर्षसहश्राणी विष्टायां जाएते क्रिमिः ।। इती सम्वत् १८७९ साल मि-
२५. ती जेष्ठसुदि २ रोज ४ शुभंम् – = = = = = = = = = = = = = = = = = = = = = = =

(पछिल्तिर)

मार्फत भक्तविर थापा
मार्फत् रणोद्योत साह
मार्फत् दलभन्ज(न) पांडे
मार्फत् यदुनाथ पुरोहित

मार्फत् भीमसेन थापा
मार्फत् प्राण साह
मार्फत् बालनर्सि कुंवांर

(वटु सवलबहाल काठमाडौंका श्रीयुवतिवल्लभ पन्तको सङ्ग्रहमा रहेको यस ताम्रपत्रको प्रतिलिपि उनका साहिँला छोरा श्रीराजुवल्लभ पन्तको सौजन्यले वि. सं. २०३९ मा गरिएको हो। यसको नकल नुवाकोटमालमा पनि छ। सो नकल प्यूखाका मेरुनाथ पाँडे, बागबजारका त्रिपुरानाथ पाँडे, प्यूखाका खगेन्द्रवल्लभ पन्त, भीमसेनथानका वासुदेव पाँडे र प्यूखाका नयराज पन्तले वि. सं. १९९६ भाद्रमा चढाएको दर्खास्तमा नत्थी गरिएको छ। नुवाकोटमालमा रहेको पत्र वि. सं. २०३८ कार्तिकमा सङ्ग्रह गरिएको हो।)

□

# लक्ष्मीपति पाँडेसम्बन्धी दुइ अप्रकाशित पत्र

–दिनेशराज पन्त

(१ सङ्ख्या)

(श्री ५ राजेन्द्रको प्रशस्ति)

आगे प्रानपतिदासप्रति. लक्ष्मापति पाडे लीलानाथ पाडे प्राननाथ पाडे र तनको ब्राह्मणीस्मेतले पहाडमा बिर्ता पायाको षेतको दानपत्र ताम्वापत्र गराऊदा प्रायश्चीत सर्कार राषि वीवाहव्रतबंन्धको वलक गादिममारष चुमावन गोडधुवा आपना हातले सर्कार चऱ्हाऊनु गरी अरु सर्वांक माफ बिर्ताबीतलप भन्न्या बेहोरा पारी दानपत्र गराई ताम्वापत्र फटवाई छाप लगवाई सोपीदे.

ईती संवत् १८७९ साल ज्येष्ठसुदी २ रोज ४ शुभम——————

(२ सङ्ख्या)

(श्री ५ राजेन्द्रको प्रशस्ति)

आगे लछीमापती पाडेसमेत जना ४ के. तभ्रा भाइ गौरिपती पांडेलाइ सम्वत् १८५३ साल आसीनवदि ९ रोज ६ का दिन श्रीबाज्याज्यूबाट श्रीपचलीभैरवमा लाग्याको पुरश्चरणका सांग्यमा संकल्प भयाको घर १ न्हस्कंतालाटुं-बाहालको घर अघि १ श्रीबडाज्यूज्यूबाज्याका पालामा विर्षूह्म उदासको घर हरि देवीसंघर चौधरिलाइ वास दि राष्याको पछि वंसु थापा मर्दन थापा भवानिदत्त थावा अम्बरसिं थापा सतु साहवाज्यू इ पाच जना बसी गयाको घर तस्को सांध श्रीपीगणदेवताका जीमी र थाकुसिं भाजु मन जंसीको घरदेषि पश्चिम मुग्लचादेषी उत्तर धिंनरसिं गठको घर पातालदेषी पुर्व टुंबाहालदेषी दछिन यति सांधभीत्र घर षा ४ जवा ३ हात १ अंगुल १३ चोकपाताल जवा २ हात १९ अंगुल १३ मातो छरि मोहर नभै रहदा हामीले अघीको सांधकीलाबमोजिम मोहर गरिबक्स्यौं. अघी संकल्प हुवा वाके पऱ्हन्या दैवज्ञकेसरि प्रोहित पानी हालन्या काजी त्रीभुवन नारायण प्रोहित विरभद्र षनाल बाका षत्री माहावीर बस्न्यात् डिट्ठा लक्ष्मीनारायण. पछिको सधियार गणपति पण्ठ मोदनाथ अर्ज्याल् गोकुल षनाल हरिवंस बोहरा डिट्ठा कालीदास कर्मिनायेक वितरसिं गोपाल भांनारान थाव्रमनसिं लऱ्हपती. हाम्रा जय मनाइ कुसबिर्ता जानी भोग्य गर.

इती संवत् १८८२ साल ज्येष्ठवदि १३ रोज १ शुभम्

(यी दुवै पत्रका नकल डिल्लीबजारको लगतफाँटमा छन् । १ सङ्ख्याको पत्र पो. नं. ७०, सि. नं. २०१९, प. नं. ११ लेखिएको नकलबहीमा र २ सङ्ख्याको पत्र पो. नं. ८, सि. नं. २०२२, प. नं. ८१ लेखिएको नकल-बहीमा छन् । वि. सं. २०३७ मा यी पत्र सङ्ग्रह गरिएका हुन् । )

□

# भीमसेन थापाले शेरजङ्ग थापालाई लेखेको अप्रकाशित पत्र

–दिनेशराज पन्त

१. संवत् १८८४ साल माघवदि १४ रोज ४ श्रीजनरलबाट
२. कप्तान शेरजंगबहादुर थापाके——————
३. माघवदि १३ रोज ३ का दिन लेष्याको पत्र एवदि १४ रोज ४
४. का द्विन आईंपुग्यो. अर्थ मालुम भयो. षर्दार लीलानाथ आईपु-
५. ग्या. अघी प्रतिष्ठाको सराजामका फर्द(ब)मोजीम बिति गरी तयार
६. गन्याको हो. अघिका फर्दमा बाहुन् ४ गाई ४ लेषीदियाका थि-
७. या. साहेबका नाउअनुसार भन्या गाई १० र बाहुन १०८
८. चाहिन्या हो. नभया पनी ५४ बाहुन चाहिन्या हो भनी षर्दार भन्छ-
९. न्. अघीका फर्दबमोजीम गर्न्या हो की. षर्दारले भन्याबमोजीम
१०. गर्न्या हो. जो आज्ञा भनी लेष्याका अर्थ जो भयाको बिस्ता-
११. र लेषी पठाउन्या काम बहुत बढीया गरीछस्. अरू सराजाम भ-
१२. न्या अघीकै फर्दबमोजीम गर्नु. बाहुन भन्या १०८ चाहिन्छ-
१३. न् भन्या ब्राह्मण जना १०८ डाकन्या काम गर्नु.
१४. गाई पनि १० संकल्प गर्न्या काम गर्नु. ज्यादा तांहाको क्षेमकुशल हु-
१५. मेस लेषतै रहनु र बढीया हुन्छ——————

(परराष्ट्रमन्त्रालयको ६ सङ्ख्याको पोकोमा यस पत्रको नकल छ। वि. सं. २०३८ मा यो सङ्ग्रह गरिएको हो।)

□

# लीलानाथ पाँडेको जग्गाका वन र कुलोसम्बन्धी अप्रकाशित ३ पत्र

—दिनेशराज पन्त

(१ सङ्ख्या)

श्रीनाथ

स्वस्ति श्रीजनरलभीमसेनथापाकस्य पत्रम्———

आगे षरिदार लीलानाथ पांडेके यथोचित्.

उप्रांत भोर्यानी अंचलमध्ये — — — कंपूका जागीरमा दरियाको काफल्याटार षेतको र तिमिले गिल्याल रिमालहरूसग किन्याका बिर्ताको कुलो तिम्रा बिर्ताजगाबाट चल्याको रहेछ. अबउप्रांत पनि तिम्रा बिर्ताबाट येकै कुलो गरि ल्याउन दसषत गरिदिर्जौ. मोहि सामेल गरि पल्ला ठुला षोलाको कुलो ल्याइ आपनाआपना षेतबमोजिमको पानिको भाग ली षेत बढिया गरि बनाउन्या काम गर.

इति सम्वत् १८८३ साल मिति भाद्रशुदि ३ रोज ३ शुभम्———

(२ सङ्ख्या)

श्री

श्रीगुरुगणेशाभ्यां नम:

१. स्वस्ति श्रीजनरलभीमसेनथापाकस्य पत्रम् — — —
२. आगे देउराली दह्चोकमा गोल पार्न्या आफन्याहरुके यथोचित्.
३. उप्रान्त षर्दार लीलानाथ पाडेको बृत्ता भडारीटार कोटडाडाका
४. पाल्याका वनमा तिमिहरुले काठ् काटचाछौ र षर्दार जाहा कराउन
५. आया. तसर्थ इन्का बृत्ताभरमा पाल्याका काठ नकाट सर्वथा ३.
६. इति संवत् १८८४ साल मिति फाल्गुनवदि ७ रोज ५ शुभम्

(३ सङ्ख्या)

श्री

श्रीनाथ

१. स्वस्ति श्रीजनरलभीमसेनथापाकस्य पत्रम् — —
२. आगे षरिदार लीलानाथ पाँडेके यथोचित्. उप्रान्त दह्चोकका अंच-

३. लमध्ये– – – – कंपुमा दरियाका डुड्याषेतको र तिमिले ष-
४. कुरालसग कोन्याका रातमाटचा कोटडाडा बृत्ताको अघिदेषी ए-
५. कै बाद कुलो रहेछ. बीचमा षेत बाझिदा कुलो मरेछ. आज फेरी
६. एकै बाद गरी कुलो ल्याउन दशषत गरीदिञ्युं. मोहि सामेल गरी
७. बादकुलो बनाइ आफ्नाआपना षेतबमोजीम पानीको भाग लो षेत
८. राम्रो गरी बनाउन्या काम गर. इति संवत् १८८५ साल मिति भाद्र-
९. वदी ५ रोज ६ शुभम्

(यी ३ पत्रमध्ये पहिलो पत्र धादिङमालकार्यालयमा र अरू दुइ पत्र नुवाकोटमालकार्यालयमा छन् । धादिङमालमा रहेको नकलबाट पहिलो पत्रको प्रतिलिपि वि. सं. २०३७ मार्गमा गरिएको हो । मेरुनाथ पाँडे, त्रिपुरानाथ पाँडे, खगेन्द्रवल्लभ पन्त, कुलराज पन्त, वासुदेव पाँडे, विक्रमबहादुर पाँडे, दानरत्नाकर पाँडे र रामभक्त पन्तले चढाएको दर्खास्तमा यस पत्रको नकल नत्थी गरिएको छ । नुवाकोटमालमा रहेका नकलबाट अरू दुइ पत्रका प्रतिलिपि वि. सं. २०३८ कार्तिकमा गरिएको हो । मेरुनाथ पाँडे, त्रिपुरानाथ पाँडे, खगेन्द्रवल्लभ पन्त, वासुदेव पाँडे र नयराज पन्तले चढाएको दर्खास्तमा यी पत्रका नकल नत्थी गरिएका छन् । )

□

# लीलानाथ पाँडेले जग्गा किनेको कुरा भएका ७ वटा अप्रकाशित पत्र

–दिनेशराज पन्त

(१ सङ्ख्या)

श्री ५ सर्कार
२

श्रीशिवसिंह मल्ल
१

स्वस्ति श्रीसंवत् १८८२ साल मिति फागुनशुदि १० रोज १ का दिन धनीकनाम श्रीषरीदार लीलानाथ पाँडे रिणिका नाम देवनारायण रिमाल काशीराम रिमाल लिह्ल चादिका मोहर रुपैया २१० अक्षरेपी दुई सय दस् इ रुपैयामध्ये काठमाडौका राजा – १ – ले पीरपति पाध्या ने(उ)पान्यालाइ भोर्पानिका अंबलमा बीर्ताबितलप गरीबक्स्याको मानषुट्यासीको डिह्रो लगापातमध्ये हाम्रा मामा रवि पाध्या नेउपान्याले कुश तिल हाली पारर्पाछिन्न गरी हामी दुई भाईलाई बिर्ता गरी दातव्य दियाको जगा बिर्ताबितलप लगापातसमेत् हामी दुई भाईले डल्लो गाली पानी हाली पारर्पाछिन्न गरी बेचिंउ. तस्को सांध पूर्व भंज्याङको चौतारो पाषुन्या डाडो पानीढलो दक्षिण गौरीशंकर

नेउपान्याका साधको ढुंगो र अंवलाको बोट बिडारीका साधको पानीढलो पश्चिम कुलो र ठाडो षोलसी उत्तर मूल बाटो र पाँडेको सांध इ चार किलाभित्रको जगा रोपनी १५ मारिदिञ्युं. रुपैया लिञ्युं. कालकला यो माटो काचो ठहऱ्या दाताले सुख भुजाउनु. यसै मोलमा ‾ २ ‾ जाइ सुक्रीबिक्रीको मोहर गरी माङ्नु. पानी हालन्या गोराजिं षान्या भाई श्रीनन्द पाध्या रिमाल गौराजि रुपैञा ५ तेशर भाई देवशर्म रिमाल धर्मानन्द रिमाल. यो जगा मारिदिदा मोल गर्दा सांध किला गर्दाका पंच भला मानिस् जगेश्वर पाध्या गर्तौला गोविन्द पाध्या गर्तौला गौरीशंकर नेउपान्या रामचन्द्र अचार्य गुमानसिं षाति श्रीनन्द पाध्या गर्तौला मोक्षेश्वर रेग्मी रामचन्द्र रिजाल विष्णु पाध्या बिडारी रामचन्द्र पाध्या बिडारी कविराज कार्कि शुभम् ——————

(२ सङ्ख्या)

श्री

१. स्वस्ति श्रीलीषीतम् महेश्वर पाध्या षकुराल् उमाकान्त पाध्या षकुराल आगे श्रीषरीदार लीलानाथ पाडेलाई

२. रुपञ्या २४७ अक्षरेपी मोहर रुपया दुई सय सतचालीसमा दहचोक्का अंचलमध्येको कोटडाडो हाम्रो ब्रीता

३. दुई भाईको अंस लगापातस्मेत डल्लो गाली पानी हाली पछिन्न गरी बेच्युं. तस्को साध पुर्व चार भाइको साध षोल्सी दक्षीण पानीढलो श्री-

४. (कृष्ण षकु)रालको सांध पश्चौं पानीढलो अध्यारी षोलोका दोभानका चौरको ठुलो ढुंगो उत्तर अध्यारी षोलो

५. उपल्लो षंडको साध पुर्व श्रीकृष्ण षकुरालको साधको कानल्लो दक्षीण पुरंदर षकुरालको साध ठाडो (बाटो र)

६. उपल्लो कानल्लो उत्तर कुलामाथीको ढीक र पश्चीम सालघारीको टाउको ई चार कीलाभीत्रको जगा माया मारि

७. यो डल्लो गालदाका पानी हालन्या गौराई षान्या भाई पुरंदर षकुराल लक्ष्मीनारायण षकुराल गौराई मोहर (रुपञ्या चार)

८. तेसर भाई रामचंन्द्र षकुराल राधाकृष्ण षकुराल हरीलाल षकुराल. यो जगा काचो ठहऱ्या दाताले सुष भु-(जाउनु)

९. औ ली षीतं पुरंदर षकुरालआगे श्री षरीदार लीलानाथ पाडेलाई मोहर रुपया ६५ अक्षरेपी मोहर रुप(ञ्या)

१०. (पञ्चा)नब्बैमा दहचोकका अंचलमध्येको कोटडाडो मेरो बृत्ता डल्लो गाली पानी हाली पछिन्न गरी बेच्यां. तस्को सा-

११. (ध पूर्व) लक्ष्मीनारायण षकुरालको साध दक्षीण बासको बोट र कुलामाथीको ढिक् बाटो पश्चीम श्रीकृष्ण षकुराल (को साध)

१२. उत्तर बाटा र कानल्लो ई चार कील्लाभित्रको जगा माया मारीदीञ्यां. यो डल्लो गालदा पानी हालन्या गौराइ षा(न्या)

१३. हरीलाल षकुराल भाई गौराई मोहर रुपञ्या चार तेसर भाई लक्ष्मीनारायण षकुराल. यो जगा काचो ठहऱ्या

१४. सुष भुजाउनु औ ली षीतं लक्ष्मीनारायण षकुराल आगे श्रीखरीदार लीलानाथ पांडेलाई मोहर रुपञ्या (१३९ अ॰)

१५. क्षरेपी रुपञा येक सये उनन्चालीसमा दहचोकका अंचलमध्येको कोटडाडो मेरो बृत्ता लगापातस्मेत डल्लो

१६. गाली पानी हाली पछिन्न गरी बेच्यां. तस्को साध पूर्व तेस्रो स्युंडीबार दक्षीण बासको झाङ र षाबो पश्चीम पुरंद-

१७. र षकुरालको साध उत्तर अँध्यारी षोलो ई चार कील्लाभीत्रको जगा माया मारीदिञ्यां. यो डल्लो गाल्दा पानी

१८. हालन्या गौराई षान्या भाई रामहृदय षकुराल गौराई मोहर रुपञ्या चार तेसर भाई पुरंदर षकुराल्

१९. ई तीनै षंडको मोल गर्दा साध घुमदा माटो छर्दाका पंच भला मानीस
२०. पीताम्बर लोहनी निधुअ कोलीया गौरेश्वर भेटुवाल बीलास पंत चामु सीलवाल ससीधर पांडे कृष्णानन्द
२१. षकुराल बलभद्र षकुराल वीष्णुदत्त पाँडे हरी पाँडे नारायणदास उप्रेती तीलु षकुराल् जोतीषर षन्याल हरी-
२२. लाल गर्तौला ईच्छाराम षकुराल तुलाराम षकुराल भवानीदत्त षकुराल रामदत्त षकुराल हरीनारायण
२३. षकुराल राधाकृष्ण षकुराल मैतराम मिझार अमर्सी मीझार रन्या दमाई लाटो दमाई. ईती संवत् १८८३
२४. साल मीती वैसाखसुदी २ रोज ३ सुभम्

## (३ सङ्ख्या)

श्री

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीम-
२. न्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवानांसदा समरविजयीनाम् – –
३. आगे महेश्वर पाध्या षकुराल उमाकान्त पाध्या षकुरालले दहचोकका अम्बलमध्ये कोटडाडो रोपनी
४. १५। ⁄⁄ तस्को लगापातसमेत तस्को सांध पूर्व चार भाइको साध षोल्सो दक्षिन पानिढलो श्रीकृष्ण षकु-
५. रालको साध पश्चिम पानिढलो अध्यारि षोलाको दोभानका चौरको ठुलो ढुंगो उत्तर अध्यारि षोलो उपल्लो
६. षंडका साध पूर्व श्रीकृष्ण षकुरालको साधको कानल्लो दक्षिन पुरंदर षकुरालको साध ठाडो बाटो
७. र उपल्लो कानल्लो उत्तर कुलामाथिको ढीक पश्चिम सालघारिको टाउको येति किलाभित्रको जगा रोपनि
८. पंध्र ६ कनुवा डल्लो गालि पारप्रछिन्न सूक्रिबिक्रि गरि बेच्यो. तस्को मोल मोहोर रुपैया २४७ दफे पुरंदर
९. षकुरालले दहचोकका अंबलमध्येको कोट्डाडो रोपनी ५।। ⁄⁄ तस्को सांध पूर्व लक्ष्मीनारां षकुरा-
१०. लको साध दक्षिण बांसका बोट् र कुलामाथिको ढिक् बाटो पश्चिम श्रीकृष्ण षकुरालको सांध उत्तर
११. षावा र कानल्लो येति किलाभीत्रको जगा रोपनी पाच कनुवा पंध्र कुश डल्लो गालि पारप्रछिन्न
१२. सूक्रिबिक्रि गरि बेच्यो. तस्को मोल मोहोर रुपैया ९५ दफे लक्ष्मीनारां षकुरा(ल)ले दहचोकका अम्बल-
१३. मध्येको कोटडांडो रोपनि ८।। ⁄⁄ तस्को साध पूर्व तेर्सो सिउडिबार दक्षिन बांसको झाङ र षावा पश्चिम
१४. पुरंदर षकुरालको सांध उत्तर अंध्यारि षोलो येति किलाभित्रको जगा रोपनि आठ यगान्ह कनुवा कुश
१५. डल्लो गालि पारप्रछिन्न सूक्रिबिक्रि गरि बेच्यो. तस्को मोल मोहोर रुपैया १३९ तिनै कुशका जगा रोपनि ३०
१६. षर्दार लिलानाथ पाडेले किन्यो. तस्को मोल तिनै कुशका जमा रुपैया ४८१. तस्को बवसाउनी येक रोपनीका
१७. चार आनाका हिसापले साढे सात रुपैया ७।।. दसौध रुपैया ४८ ⁻ ।।२. जंमा रुपैया ५५।। ⁻ ।।२. हाम्रा हजुर
१८. दाषील भयो. बेचन्याको दाम पाको. किंन्याको माटो पाको. आपना षातिरजामासंग बिर्ता जानी भोग्य ग-
१९. र. इति संवत् १८८३ साल मिति जेष्ठवदि १४ रोज १ शुभम्

## (४ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमामोन्नतश्रीमन्महाराजाधिराजश्रीश्री-श्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङदेवानां सदा समरविजयिनाम्______

आगे देवनारायन रिमाल काशीराम रिमाल दुइ जनाले भीर्पानीका अम्बलमध्ये मानषुब्यासिको डिहो तस्को सांध पूर्व भंज्यांको चौतारो पाषुन्या डाडो पानिढलो दक्षीन गौरिशंकर नेउपान्याका सांधको ढुंगो र अवलाको बोट् बिडारिका साधको पानिढलो पश्चीम कुलो र ठाडो षोल्सी उत्तर मुल बाटो र पाडेको सांध येति चार किलाभित्रको

जमा रोपनि १५ लगापातसमेत डल्लो गाली पारप्रच्छिन्न सूक्रिबिक्री गरि बेच्यो. षर्दार लिलानाथ पांडेले किन्यो. तस्को मोल चांदिका मोहर रुपैंया २१०. तस्को बक्साउनि येक रोपनिका चार आनाका हिसाबले पौने चार रुपैंया ३।।। रु. दसौध रुपैंया २१ जम्मा रुपैंया २४।। हाम्रा हजूरमा दाषील भयो. बेचन्याको दाम पाको. किन्याको माटो पाको. आफ्ना षातीरज्मासंग बीर्ता जानी भोग्य गर.

इति सम्वत् १८८३ साल मिति चैत्रवदि ४ रोज ७ शुभम्———

(५ सङ्ख्या)

श्री

राजा शोर्वसिंह मल्ल

१. स्वस्ति श्रीसंवत् १८८५ साल मीती श्रावणवदी ५ रोज ५ मा धनीकनाम श्रीषरीदार लीलानाथ पाडे ऋणीक-
२. नाम राधाकृष्ण षकुराल रामहृदय षकुराल ऋणगृहीतं मोहर रुपया १२० अक्षरेपी मोहर रुपया एक स-
३. य बीस्. यस धनमध्ये काठमाडौका — — — ले हाम्रा पुर्षा वीद्याकर षकुराललाई दीयाको दहचो-
४. कका अंबलमध्ये कोट्डाडाको रातमाटचा बुत्ता हामी दुई भाईको अंस रोपनी ३ कुल डल्लो गाल्ही लगापा-
५. तस्मेत पारपर्छीन्न गरी बेच्युं. तस्को साध पुर्व दुस्या षेत रैकर दक्षीण षोल्या षोलो पश्चीम पुरंदर षकुरालको सा-
६. ध र ठाडो षोलसी उत्तर तेसै षेतको कुलो. इती कीलाभित्रको जगह रोपनी तीन डल्लो गाली पारपरछीन्न
७. सुक्रीबिक्री गरी बेच्युँ. कालकला फगरा नास्ती. कदाचीत फगरा गऱ्या हाम्रा संतानको हार. साहुका संतानको
८. जीत्. यो डल्लो गालदा पानी हालन्या गौदाई षान्या भाई लक्ष्मीनारायण षकुराल. यो जगह कच्चो ठहऱ्या दाताले
९. षुष भुजाउनु. एस बातका साछी पुरंदर षकुराल रामचन्द्र आचार्य कासीराम रीमाल प्रयागदत्त पौडयाल
१०. कलाधर कडयाल रमाकांत पंत उपेन्द्र जैसी श्रीनाथ लामीछान्या लीषक साछी रवीदत्त पंत शुभम् ———

(६ सङ्ख्या)

श्री

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध-
२. विरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्री-
३. श्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्गदेवा-
४. नां सदा समरविजयीनाम् — —
५. आगे राधाकृष्ण षकुराल रामहृदय षकुरालले दहचोकका
६. अम्बलमध्ये कोटडाडाको रातमाटचा षेत दुइ जनाको अंस
७. रोपनि ३ तस्को साध पुर्व डुडयाषेत रैकर दक्षीन षोल्या षो-
८. लो पश्चीन पुरंदर षकुरालको सांध र ठाडो षोल्सी उत्तर
९. तेसै षेतको कुलो येति किलाभीत्रको जगा रोपनि तीन डल्लो गा-
१०. ली पारप्रछिन्न सूक्रिबिक्री गरि बेच्यो. षर्दार लिलानाथ
११. पांडेले किन्यो. तस्को मोल मोहोर रुपैया १२०. तस्को बक्साउ-

१२. नी येक रोपनीका चार आनाका हिसावले बान्ह आना ।।।. दसौध
१३. रुपैया १२. जंमा रुपैया १२।।।- हाम्रा हजूर दाषील भयो. बेचन्या-
१४. को दाम पाको. किन्याको माटो पाको. आपना षातीरजामासंग बीर्ता
१५. जानी भोग्य गर. इति सम्वत् १८८५ साल मिति भाद्रसुदि ५ रोज १
१६. शुभम्

(पछिल्तिर)

मार्फत स्यामकृष्ण

(७ सङ्ख्या)

श्री

| राजा सीवसींह मल्ल | श्री ५ सर्कार |
|---|---|
| १ | २ |

१. स्वस्ति श्रीसम्वत १८८५ साल मीती भाद्रशुदी १० रोज ५ का दीन धनीकनाम श्रीषर्दार लीला-
२. नाथ पाडे रीनीकनाम पुरंधर्षकुराल् रीणगृहीतं चादीका मोहोर रुपया १२० अक्षरेपी
३. मोहोर रुपया यक सये बीस यस धनमध्ये काठमाडौंका – – १ – – ले हाम्रा पुर्षा विद्याक-
४. र्षकुराललाई दीयाको बहचोक्का अम्बलमध्ये कोट्डाडो तल्लो डीही मेरो अंस रोपनी ३
५. कुश डल्लो गाली लतापातस्मेत पारपरछीन्न गरी बेच्यौं. तस्को सांध पुर्व रात्माटचाको षो-
६. लसी दक्षीण भडारीटारको कुलो पश्चीम सानु षोलसी कांग्याको बोट उत्तर षावा र कु-
७. लो यती चार कील्लाभीत्रको जगा रोपनी ३ डल्लो गाली पारपरछीन्न गरी सुक्रिबिक्री गरी
८. बेच्युं. कालकला झगरा नास्तो. कदाचित् झगरा गऱ्या हाम्रा सन्तानको हार्साहुका सन्तान-
९. को जीत्. यो जगा काचो ठहऱ्या दाताले सुष भुजाउनु. येसं मोलमा – – जाई सुक्री-
१०. बिक्रीको मोहोर गरी मांनु. यो डल्लो गाल्दा पानी हालन्या गौराई खान्या भाई हरीलाल् ष-
११. कुराल्. येस बातका साछी भानुदत्त पंडीत् रामचन्द्र पाध्या अचार्ज तुलसीराम पंडीत ग-
१२. त्तौंला लीषक साछी प्रयागदत्त पाध्या शुभं – –

(१ सङ्ख्या र ४ सङ्ख्याका पत्र धादिङ्मालकार्यालयमा र अरू पत्र नुवाकोटमालकार्यालयमा छन् । धादिङ्मालकार्यालयमा रहेका पत्र वि. सं. २०३७ मार्गमा र नुवाकोटमालकार्यालयमा रहेका पत्र वि. सं. २०३८ कार्तिकमा सङ्ग्रह गरिएका हुन् । धादिङ्मालकार्यालयका पत्र मेरुनाथ पाँडे, त्रिपुरानाथ पाँडे, खगेन्द्रवल्लभ पन्त, कुलराज पन्त, वासुदेव पाँडे, विक्रमबहादुर पाँडे, दानरत्नाकर पाँडे र रामभक्त पन्तको दर्खास्तमा र नुवाकोटमालकार्यालयमा रहेका पत्र मेरुनाथ पाँडे, त्रिपुरानाथ पाँडे, खगेन्द्रवल्लभ पन्त, वासुदेव पाँडे र नयराज पन्तको दर्खास्तमा नत्थी गरिएका छन् ।)

□

# श्री ५ राजेन्द्रबाट पद्मनिधि पाँडेले पाएको अप्रकाशित रुक्का

—दिनेशराज पन्त

श्रीदुर्गा

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का — — — — — — —
२. आगे पद्मनिधि पांडे पंडितके. सर्कारबाट संकल्प गरीबक्स्याको बृत्ता
३. षेत डोहि सहरको घरबारि र किन्याको कविलासको बृत्ता षेत डोहि एती
४. सबैमा सर्वकर अकर सर्वांक माफ् गरीबक्स्यौं. सर्वांकमाफ् बृत्ताबित-
५. लप् जानी सन्तानदरसन्तानपर्यन्त भोग्य गर. हामीलाई आशीर्वाद
६. दिंदै रहु. इति संवत् १८८६ साल मिति

(परराष्ट्रमन्त्रालयको २२४ सङ्ख्याको पोकोमा रहेको यस नकलपत्रको प्रतिलिपि वि. सं. २०३९ मा गरिएको हो।)

□

# विश्वनाथ पाँडेले ऋण दिएको कुरा परेको अप्रकाशित पत्र

—दिनेशराज पन्त

| श्रीबबाज्यू | श्रीआर्ज्याघाट् |
|---|---|
| १ | २ |

१. स्वस्ति श्रीशाके १७५८ मासे दीन ७ गते तद्वीने धनिकनाम श्रीषरी-
२. दार विस्वनाथ पाडे वोहोरीकनाम श्रीगुरुज्यू वटुकनाथ मिश्रज्यू

३. गत चादीका मोहर रुपैंया चार सये एक अङ्केपि ४०१ कर्जा लीजां.
४. ईन रुपैंजाको जगा गोर्षा बोहराबेसीको सक्तीवल्लभ पुरोहीतको बि-
५. र्ता षेत मुरी १२० मध्ये राधावल्लभ पुरोहीतका सतीहरूले ‒ ‒ ‒ ‒
६. लाइ कुशबृर्ता गरी ‒ ‒ ‒ ‒ मा संकल्प गरीदीयाको षेत मुरी ।४० तस्को
७. डिह्री लगायातस्मेत् साहुलाई भोगबाधा दीजा. ईन रुपैंजा
८. लीयाको बापत् ३२५ भीमसेन बसन्यात् तान्या. ७६ रुपैंजा मैले
९. घरषर्च गन्या. भाका तमसुकका मीतीको दीन. ईस् बातका साछी गो-
१०. र्षा बसन्या बलभद्र पंथ काठमाडौ बसन्या मनीराम भट्ट गाईघुर ब-
११. सन्या कलानिधी कडचाल रागीनास् बसन्या सक्तीवल्लभ पंडी-
१२. त् कटुवालमध्ये मधेस् बस्न्या ठकुरी भाट् लीषक वाचस्पती
१३. देवकोटा. संम्वत् १८९३ साल् मीती कार्तीक्शुदी १२ रोज १ शुभं

(गोरखामालकार्यालयमा यसको नकल छ । वि. सं. २०३८ आश्विनमा यो पत्र सङ्ग्रह गरिएको हो । सकल-बमोजिम नकल दुरुस्त छ भनी सहीछाप गर्ने कुलराज पाध्या पाडे भनी सो पत्रको छेउमा लेखिएको छ । )

□

# वनरक्षासम्बन्धमा विश्वनाथ पाँडेको नाममा भएको अप्रकाशित पत्र

—दिनेशराज पन्त

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जि. सि. बी. थोङ लिन् पिम्मा काङ वाङ स्यान् प्राइम्मिनिष्टर याण्ड कम्यांडरइनचिफकस्य रुक्का ————

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडरइनचिफ जनरल रणउद्दीपसिंहकुवरराणाकस्य पत्रम् ———

आगे षरीदार विस्वनाथ पाडेके यथोचित. उप्रांत भिर्पानिका अम्बलमध्ये हाम्रा बिर्ता बोक्स्यापारिको वन् मानपुगाउको वन् यत्रतत्रका मानिसले र आपनेहरूले बिथिति गरि काठ काटी जरास्मेत् षनिदिदा वन उजार भै पँरो चलि कम्पू पल्टन्का षेत् पनि पुग्यो. बादकुला पनि लग्यो. डुड बनाउन्या काठ् नभै पानिविना षेत पनि बाझा रहन लाग्या. गाइका गोठ कटेरो घर बनाउनलाई काठ्विना कठीन भयो. आफना बिर्ताको वन यत्रतत्रका मानिसले बिथिति गरि काट्न नपाउन्या बन्देजको दस्कत गरीबक्स्या वन पालन्या काम गर्दा हुं भनि तिमिले भाइहरूको सल्लाह् लि हाम्रा हजुरमा बिंति पार्दा जाहेर भयो. अबउप्रांत तिम्रो बिर्ता बोक्स्यापारिको वन् मानपुको वन् पालि षेत कुलोका बाध डुड बनाउनु. पाल्याका वनमा आपनेहरू र अरू कसैलाई पनि काठ् काटन नदिनु. गाउल्याले र

अरूले काटचा भन्या चिताइदार्ले अमालमा लगि अदल गराउनु. चिताइदार्ले काटचो भन्या गाउल्याले अमालमा लगि अदल गराउनु. केहि कामले नकाटी भएन भन्या चिताइदारका र गाउल्याका सल्लाहले काटनु. बिच कसैले नकाटनु भनी बंन्देजको वन पालन्या दस्कत गरिदिञ्यूं. आफना षातिरजामासग वन पालन्या काम गर भंन्या ब्यहोराको १२ साल् कार्तिकवदि २ रोज ७ मा मेरा दाज्यू षरीदार श्रीप्रसाद पाडेका नाउमा भयाको हो. निज दाज्यू षरीदार श्रीप्रसाद पाँडे षस्या. निज दाज्यूका नाउमा भयाका दस्कतबमोजिम मेरा नाउमा गरिबक्स्या हुदो हो भनि तिमिले हाम्रा हजुरमा बिंति पार्दा जाहेर भयो. तसर्थ तिम्रो बिर्ता बोक्स्यापारिको वन् मानषुको वन पालि षेत कुलाको बाध डुड बनाउनु. पाल्याका वनमा आफनेहरूलाई र अरू कसैलाइ पनि काटन नदिनु. गाउल्याले र अरूले काटचा भन्या चिताइदार्ले अमालमा लगि अदल गराउनु. चिताइदार्ले काटचो भन्या गाउल्याले अमालमा लगि अदल गराउनु. केहि कामले नकाटी भयेन भन्या चिताइदारका र गाउल्याका सल्लाहले काटनु. बिच कसैले नकाटनु भन्या बन्देजको वनपालाको रुक्का दस्कत गरिबक्स्यौं.

इति सम्वत् १९२८ साल मिति माघसुदी १० रोज २ शुभम्________________

(धादिङमालकार्यालयमा रहेको नकलबाट यो पत्र वि. सं. २०३७ मार्गमा सङ्ग्रह गरिएको हो । मेरुनाथ पाँडे, त्रिपुरानाथ पाँडे, खगेन्द्रवल्लभ पन्त, कुलराज पन्त, वासुदेव पाँडे, विक्रमबहादुर पाँडे, दानरत्नाकर पाँडे र रामभक्त पन्तले चढाएको दर्खास्तमा यो पत्र नत्थी गरिएको छ । )

□

# विश्वनाथ पाँडेले ऋण लिएको कुरा परेका अप्रकाशित दुइ पत्र

–दिनेशराज पन्त

(१ सङ्ख्या)

१. स्वस्ति श्रीसम्वत १९१२ साल मीती जेष्टसुदी १३।३ मा तत्दीने धनीकनाम भूनाथ जोसी वी-
२. होऋणिकनाम षरीदार बिश्वनाथ पाडे ऋणगृहितंम् पुराना कल्दार असर्फी ४८ अ-
३. क्षरेपि अठचालिस कर्जा लीजा. ई कर्जामध्ये हाम्रो बीर्ता देऊरालिको गोब्याषेत् मुरी ।९६ म-
४. ध्ये मेरो अंस षेत मुरी ।४२ बैयालीस् गाईषुरको सालबोटचा षेत मुरी ।६६ मध्ये मेरो
५. अंस षेत मुरी ।२२ बाईस् जमा षेत मुरी ।६४ चौसठी ईनै असर्फीमध्ये भोगबंन्धक ले-
६. षिदीजा. ई असर्फीको ब्याज साहुले नषोजनु. ई जगाको पैदावार हामीले नषोजनु. ई अ-
७. सर्फी तीर्नाको भाषा भरीमाघमा दिनु लीनु. येस तमसुकका साछी गोर्धर प-
८. न्त वीरभद्र पन्त गणे(श)दत्त पन्त लेषक साछी हर्षनिधी लोहनि सुभ्मं____________

(२ सङख्या)

१. लीषीतम तन्हौ पुर्कोट् बस्ने भुवनाथ जोसी आगे षरीदार विश्वनाथ पाडेसंग भोगबं-
२. दक लीयाको देऊरालीको गोब्यूाषेत मुरी ।४२ र मोरु ५ ठेक लागेको गाईषुर षेत साल्-
३. बोटे मुरी ।२२ साल १९१२ मा नीज षरीदार विश्वनाथ पाडेसंग गराई लीयाको तम-
४. सुकस्मेत् राषी ३८ साल पौषवदी ९ रोज ५ मा मोहो(र) रुपञा २००१ कर्जा ली तपाईला-
५. ई भोगबंदकीतमसुक लेषीदीयाको हो. आजसम्मको चर्ताफोर्ता हीसाब गरी बां-
६. की ठहर्‍याको १४८८ रु(प)यामा पुराना कल्दार असर्फी थान १ को रु ३० का दरले अ-
७. सर्फी थान ४८ को मोरु १४८८ भर्ना दीञा. सो माथी लेषीयाको जगा ५१ सालका
८. बालीदेषी भोगचलन गर्नु. कालकला सो १४८८ रुपञा लेऊ. जगा छाडीदेऊ भंन्या-
९. छैन. येस जगामा नाफा नोकसान तपाजिको. येसमा मेरो ऊजुर नास्ती भनी तपाई
१०. सुब्बा देवदत्त पंतलाई कागज लेषीदीञा. नीज षरीदार विश्वनाथ पाडेका छोराह-
११. रुबाट रुपञा आया भन्या सो रु १४८८ बुझी जगा छाडीदीनु भनी मेरा मनोमान-
१२. संग कागज लेषीदीञा. साछी फट्केमा लेषीयाका छन्. ईती सम्वत् १९५० सा-
१३. ल मीती कार्तिकसुदी ६ रोज ७ सुभं——————

(यी दुवै पत्रका नकल नुवाकोटमालकार्यालयमा छन् । का. इ. ठमेल घर भई जलेश्वरमहोत्तरीगोस्वारामा बहाल रहेका अ. ना. सु. गणेशप्रसाद पन्तले वि. सं. १९९६ कार्तिकमा जलेश्वरमालमार्फत श्री ५ सर्कारमा चढाएको निवेदनमा नत्थी गरिएका यी पत्र वि. सं. २०३८ कार्तिकमा सङ्ग्रह गरिएका हुन् । )

□

# लक्ष्मीपति पाँडेले जेठी छोरी विद्यादेवीलाई जग्गा दिएको कुरा परेको अप्रकाशित पत्र

—दिनेशराज पन्त

दरषास्त

उप्रांन्त सबै किसींको बीर्ता षेत नानकार फिकदार मरोट छाप मानाचावल ज्यूनी बेटीया घरबारी वासस्मेत देषाई जाहेर गर्नु भंन्ये बेहोराको जारी भयाका ईस्तीहारका म्यादभीत्रमा इलाकाका म्यादमा प्रमाङ्गीबमोजीं येस अड्डामा दरषास्त दीन आयको छु. पर्ची १ नं इलाकाको तपसीलबमोजींको जगा तपसीलका सबुद् प्रमाणबमोजीं षाई आयेकोले सो सबुदको सकल देषाई नकल कागज थां १ येसै दरषास्तमा गासी पेस गरेको छु. अें सवालबमोजीं हवस——————

तपसील

| असामी | माटो | उठ्ती | धां |
|---|---|---|---|
| मोहीया लगाई षाई आयेको पश्चीं | | | |
| १ नं. धाधीङ देऊराली मेहेले मध्ये षेत | ।२० | | ४। |

सबुद

सो माथी लेषीयाको बीर्ताको लालमोहर नीज दाताका संतान् माष्ट(र) मेरुनाथ पाडेले दीयेको दरषास्तबाट पेस हुनेछ———————————————— १

१९७५ साल माघ २३ गतेको दानपत्र सकल ससंग छ. नकल पेस गरेको छ————— १

इति सहर काई भुराङ्षेल बस्ने वर्ष ४६ को पं पूर्णनाथ पन्तोपाध्यायले दरषास्त लेषी बीर्ताफाटमा चन्हाजे————

ईती सम्वत् १९९६ साल् कार्तीक गते रोज शुभं ————

लीषीतं सहर काठमाडौ प्यूषा न्हुवालटोल बस्ने पं भुवननाथ पाडे. आगे हाम्रा जीज्यूबाज्या षरीदार लक्ष्मीपती पाडेले नीजकी छोरी षरीदार रवीदत्त पन्तकी जेठि ब्राह्मणि श्रीवीध्यादेवीलाई आपना सर्वाकमाफी षुवाबीर्तामध्ये देऊरालीका अम्बलको मेहेलेषेतमध्ये षेत मुरी २० दाईजो गरी १८७५ साल् मार्गसुदी १० रोज २ मा दीयाको हो. सो जगाको दाईजोदानपत्र र धनमाल्हरुसमेत १८८५ सालमा चोरी भयेको हुनाले आर्को दाईजोदानपत्र गरीदीये हुदो हो भनी तीमीहरुले हामीसंग भंन्दा हाम्रो चित्त बुझी हाम्रा ज्यूज्यूबाजे षरीदार लक्ष्मीपति पाडेले नीजकी छोरी तीमीहरुकी बज्यै श्रीवीध्यादेवीलाई सो माथी लेषीयाको मेहेलेषेत मुरी २० अघि १८७५ साल्मा दाईजो गरीदीयाको सो सालदेषी आजसंम्म तीमीहरुले भोग गरी आयेको हुनाले र सो दाईजोदानपत्रको नकल हामीसंग हुनाले अघिका दाईजोदानपत्र चोरीयेको भया तापनी आर्को दाईजोपत्रको कागज लेषी तीमी पं रामभक्त पन्तका जेठा छोरा पं पूर्णनाथ पन्तलाई दीञा. येस बातको साछी फडको लेषीयाको सदर. लेषक पं. भुवननाथ पाडे. ईती सम्वत् १९७५ साल माघ २३ गते रोज ४ शुभम्————

(छेउमा)

साछी

मणीदत्त पन्त पोखल्ड्याङ———————— १

गोरीराज लोहनी कीलागल———————— १

सकलबमोजीं नकल ठीक छ भनी सहीछाप गर्ने पं. पूर्णनाथ पन्तोपाध्याय भुराङषेल———— १

(धादिङमालकार्यालयमा रहेको यो नकलपत्र वि. सं. २०३७ मार्गमा सङ्ग्रह गरिएको हो। लक्ष्मीपतिपरिवारसँग सम्बद्ध यी पत्रहरूमध्ये केही पत्र सङ्ग्रह गर्दा सार्ने काममा मदद गर्ने श्रीऐश्वर्यधर शर्मा र श्रीरुक्मनाथ पौडेललाई धन्यवाद छ। )

□

# शुद्धिपत्र

## ७१ अङ्कको

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| विषयसूची | १५ | दिनेशराज | महेशराज |
| १०८ | ८ | सकल | नकल |

## ७३ अङ्कको

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २७ | २४ | गत्यो वियोगेन | गत्योर् वियोगेन |
| ३६ | २२ | धर्माऽचिन्त्याद्भुत° | धर्माऽचिन्त्याद्भुत° |
| ३६ | २३ | सम्यगुद्गृह्यमा द् र गृ जोल्टाएर लेखिएको छ । | |
| ३७ | १ | ह्यवद । | ह्यवद – |
| ३७ | ४ | पुण्यन्तद्भवत्वा° | पुण्यन्तद्भवत्वा° |
| ३७ | ५ | °पूवङ्गमं | °पूर्वङ्गमं |
| ३७ | २२ | वि. सं. ८०७ आ. – १५३८ | वि. सं. ८०७–१५३८ आ. |
| ३८ | १६ | थुखुन्हु | थु खुन्हु |
| ३९ | ६ | वर्ष अगाडि | वर्षअगाडि |
| ४० | ३ | °विष्टि संचारार्घेन | °विष्टिसंचारार्घेन |
| ४१ | २२ | वैशाख पछि | वैशाखपछि |
| ४२ | ६ | लिखतत्रहरूबाट | लिखतपत्रहरूबाट |
| ४४ | ९ | श्रीनोग्लभोंत वाहार गृह | श्रीनोग्ल भोंतवाहारगृह |
| ४४ | १४ | मगुडि मार्ग° | मगुडिमार्ग° |
| ४४ | १७ | °बाहिरि द्वाराङ्गन° | °बाहिरिद्वाराङ्गन° |
| ४४ | १९ | जथा नगल° | जथानगल° |
| ४५ | १ | स्व भ्रातापुत्र | स्वभ्रातापुत्र |
| ४५ | १० | °यंतागृह नाम प्रदेशे | °यंतागृहनामप्रदेशे |
| ४५ | १९–२० | शंकट व्यावाद° | शंकटव्यावाद° |

## ७४ अङ्कको

| पृष्ठ | पङक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १ | ११ | °क्षेत्रनाम प्रदेशे | °क्षेत्रनामप्रदेशे |
| १ | ११ | विक्रमशिलमहाविहार् | विक्रमशिलमहाविहार ् |
| १ | १५ | शङ्कत व्यावाद° | शङ्कतव्यावाद° |
| ३ | ७ | (वि. सं. १५०७–१५३३) | (वि. सं. १५०७, १५३३) |
| ३ | २० | विनिर्गत दक्षिण° | विनिर्गतदक्षिण° |
| ४ | ११ | लेखिएको अभिलेख | लेखिएको यो अभिलेख |
| ४ | ३० | मुनकर्मी | मुनंकर्मी |
| ५ | १५ | माटो मुनि | माटोमुनि |
| ५ | २६ | प्रभु ् | प्रभु ् – |
| ५ | ३३ | स्थावितां | स्थापितां ॥ |
| ६ | १ | पशुपतेर्मोलौ | पशुपतेर्मौ लौ |
| ६ | १० | °द्वंद्वसती | °द्वंद्वसती[३क] |
| ६ | २० | मान्य, | मान्य |
| ६ | २१ | राखिएको; | राखिएको, |
| ६ | २१ | भएका; | भएका, |
| ६ | २२ | बनाइएको; | बनाइएको, |
| ७ | ३ | (स्वर्गमा) | (सर्व्वमा) |
| ८ | १३ | राष्ट्रिय | नेपाल राष्ट्रिय |
| ८ | २२ | मधे | मध्ये |
| ९ | १९ | माइक्रोफिलम | माइक्रोफिलम, |
| १० | १६ | द्वयका | द्वयका ् |
| १० | १७ | थ्वकोन्हु | थ्व कोन्हु |
| १० | २२ | शशि | शशि ् |
| ११ | ६ | विद्यश्वरी | विद्यश्वरी ् |
| ११ | ११ | यिनाये प्रवेश | यिनायेप्रवेश |
| ११ | १६ | नाट | नाट ् |
| ११ | १९ | श्रीरूपनारायण ् | श्रीरूपनारायण ॣ |
| ११ | १९ | अवताल ् | अवताल ॣ |
| ११ | २१ | °विभूषणा | °विभूषणा ् |
| ११ | २२ | जयन्तिदेवी | जयन्तिदेवी ॣ |
| ११ | २२ | लक्ष्मीपति ् | लक्ष्मीपति ॣ |

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ११ | २५ | ब्रह्मसुतमुणिभृती ˎ | ब्रह्मसुतमुणिभृती ˎˎ |
| ११ | २६ | गणेशदेवं ˎ | गणेशदेवं ˎˎ |
| ११ | २७ | त्रावलि ˎ | त्रावलि ˎˎ |
| ११ | २७ | ताल | ताल ˎ |
| ११ | २९ | °भुवनं | °भुवनं ˎ |
| ११ | ३० | ताल | ताल ˎ |
| ११ | ३१ | काश्ययनन्दन | काश्यपनन्दन |
| ११ | ३२ | दशशतकिरण | दशशतकिरण ˎ |
| ११ | ३३ | माथ | माथ ˎ |
| १२ | १ | मनोहरा ˎ | मनोहरा ˎˎ |
| १२ | ४ | विष्णुव्यूह ˎ | विष्णुव्यूह ˎˎ |
| १२ | ५ | धरणी मण्डन | धरणीमण्डन |
| १२ | ५ | °पारितनगरी | °पारितनगरी |
| १२ | ५ | देश वर्ण्णा | देशवर्ण्णा |
| १२ | ६ | जति | जति ˎ |
| १२ | ७ | अबदमुनिवसुरसयुते | अबदमुनिवसुरसयुते ˎˎ |
| १२ | ७ | रविमकरगते | रविमकरगते ˎˎ |
| १२ | ८ | तिथिअष्टमी ˎ | तिथिअष्टमी ˎˎ |
| १२ | ९ | °यज्ञमंगले ˎ | °यज्ञमंगले ˎˎ |
| १२ | १२ | लंगाभरण ।। | लंगाभरण ˎˎ ।। |
| १२ | १३ | रूपनारायण ˎ | रूपनारायण ˎˎ |
| १२ | १४ | ताल जति | ताल ˎ जति ˎˎ |
| १२ | १५ | °अष्टरसमावसिते | °अष्टरस माघसिते |
| १२ | १७ | त्येखो हो वंङाया | त्येखो हो वंङाया ˎ |
| १२ | २१ | °प्रासाद मनोहरे | °प्रासादमनोहरे |
| १२ | २१ | °कोटिश्वर | °कोटिश्वर ˎˎ |
| १२ | २२ | आरोहने. | आरोहने ˎ |
| १२ | २२ | धन्ये | धन्ये ˎ |
| १२ | २२ | छा | छा ˎ |
| १२ | २३ | राग ।। ताप कंप ।। | राग ˎ ।। ताप कंप ˎ ।। |
| १२ | २६ | गिरिवरनन्दिनी ˎ | गिरिवरनन्दिनी ˎˎ |
| १२ | २६ | पालितवंशा ˎ | पालितवंशा ˎˎ |
| १२ | २७ | जयति | जयति ˎ |

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १२ | २७ | कमलाआकाला | कमलाआकाला ॑ |
| १२ | ३० | ताल | ताल ॑ |
| १२ | ३३ | दशलथया | दशलथया ॑ |
| १३ | १ | ॥ ० ॥ | ॥ ॰ ॥ |
| १३ | ५ | रावण प्रवेश | रावणप्रवेश |
| १३ | ७ | चरनांवुज | चारनांबुज |
| १३ | ८ | रावणवेशं | रावणवेशं ॑॑ |
| १३ | १२ | माइक्रोफिलम | माइक्रोफिलम, |
| १४ | ४ | श्रीशिवसिंहवर्म्मनस | श्रीशिवसिंह वर्म्मनस |
| १४ | १८ | माइक्रोफिलम | माइक्रोफिलम, |
| १४ | २१ | दायांपनि | दाँया पनि |
| १५ | १४ | द्विराषाढनस्ठ° | द्विराषाढनस्त° |
| १६ | ९ | अघिमास | अधिमास |
| १६ | १२ | नष्तश्रावण | नस्तश्रावण |
| १६ | १४ | द्विराषाढनष्त° | द्विराषाढनस्त° |
| १६ | १७ | द्विराषाढनष्त ° | द्विराषाढनस्त° |
| १७ | १३ | °तासिंह | °र्तासिंह |
| १७ | २९ | छाविएको | छापिएको, |
| १७ | २९ | पन्तको, | पन्तको |
| १९ | १ | वल | बल |
| १९ | ८ | जितासिंह | जितसिंह |
| २२ | १९ | ह्यति | ह्य ुति |
| २४ | ४ | वस | यस |
| २५ | २३ | देयधम्मोयं | देयधर्म्मोयं |
| २६ | २४ | टेम्पल् | टेम्प्ल् |
| २६ | २५ | काठ्मान्डू | काठ्मान्डु |
| २८ | १२ | १६४१ | १६४२ |
| ३१ | २७ | म ाइक्रोफिलममा | माइक्रोफिलममा |
| ३७ | ३ | द्वान्याबाट | द्वान्याबाट |

□

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)   का. मे. अ. द. नं. १५५/२४६

कार्यालय-

संशोधन-मण्डल

वटु सवलबहाल

ग-१-५३०

काठमाडौं ३

नेपाल

फोन नं. २-२०४९२

# वि. सं. २०४५ आश्विन

यस अङ्कको मूल्य रु. २६/

मुद्रक

लुम्बिनी प्रेस

नयाँ बानेश्वर

ख १, ३७३ काठमाडौं-१

नेपाल